# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## मालिकार्जुन गाउँपालिका

### दार्चुला




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**


# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## मालिकार्जुन गाउँपालिका

### दार्चुला




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## मालिकार्जुन गाउँपालिका

### दार्चुला

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,सुदूरपश्चिम प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५४०

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
मालिकार्जुन गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
दार्चुला ।

**कैफियत सहितको राय**

हामीले मालिकार्जुन गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. मालिकार्जुन गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू ३ करोड २३ लाख ५८ हजार बेरुजु देखिएको छ । सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ४८ लाख ८३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ८१ लाख ८१ हजार, नियमित गर्नुपर्ने रु ३८ लाख १५ हजार र पेश्की रू. ५४ लाख ७८ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु २३ करोड ४४ लाख ५६ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु २६ करोड ६८ लाख १४ हजार रहेको छ । गाउँपालिका **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

मालिकार्जुन गाउँपालिका

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५५ | ६४ | ३२३५८ | ० | ० | ० | ५५ | ६४ | ३२३५८ | ४८८३ | ३८१५ | १८१८१ | ० | ० | २१९९७ | ५४७८ |

## २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मालिकार्जुनगाउँपालिका, दार्चुला | २३४४५६ | ० | ० | २३४४५६ | ० | ३२३५८ | २६६८१४ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान: मालिकार्जुन गाउँपालिका, दार्चुला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुरज प्रसाद जोशी | २०७८-९-२१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | पुस्कर सिह बिष्ट | २०७८-२-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३२,३५८,२८०.१ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | २,६१,६६,९५४.९३ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३७,५२,७२,००० | **चालु खर्च** | ३२,५५,८५,६०१ |
| **प्रदेश सरकारबाट अनुदान** | २,०६,८५,५०० | **पूँजीगत खर्च** | ११,४०,६१,१४४ |
| **राजश्व बाँडफाँट** | ५,७५,५१,३०३.७८ | **वित्तीय/अन्य व्यवस्था** | १०,३६,७१,६०६ |
| **आन्तरिक आय** | २०,९९,०३०.११ | | |
| **अन्य आय** | ८,६८,३६,९९२.५ | | |
| **कुल आय** | ५४,२४,४४,८२६.३९ | **कुल खर्च** | ५४,३३,१८,३५१ |
| **बाँकी मौज्दात** | | २,५५,९३,४३०.३२ | |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|
| १ | | | **परिचय** | |

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस मालिकार्जुन गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस मालिकार्जुन गाँउपालिका अन्तर्गत ८ वडा, ४५ सभा सदस्य, १००.८२ वर्ग किलोमिटर क्षेत्रफल तथा १५ हजार ५८१ जनसंख्या रहेको छ ।
खापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९/ ६/२ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु नम्नि अनुसार छन् :

२

**आर्थिक विवरण**

आर्थिक विवरण

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४८,६५,३९,००० | ४४,०७,७४,१३६.३९ | | ४४,०७,७४,१३६.३९ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४८,२२,४४,००० | ४३,६४,०५,२५५.८९ | ० | ४३,६४,०५,२५५.८९ |
| ११००० कर | ११ | ६,५१,०२,००० | ५,७५,१९,०९८.२९ | ० | ५,७५,१९,०९८.२९ |
| १३००० अनुदान | | ४१,५६,४२,००० | ३७,६७,५४,९२२ | ० | ३७,६७,५४,९२२ |

| | | | | | |
|---|---|---|---|---|---|
| संघीय सरकार | १२ | ३८,९९,७२,००० | ३५,९१,४८,३९० | ० | ३५,९१,४८,३९० |
| प्रदेश सरकार | १२ | २,५६,७०,००० | १,७६,०६,५३२ | ० | १,७६,०६,५३२ |
| १४००० अन्य राजस्व | | १५,००,००० | २१,३१,२३५.६० | ० | २१,३१,२३५.६० |
| ख. अन्य प्राप्ति | | ४२,९५,००० | ४३,६८,८८०.५० | | ४३,६८,८८०.५० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | ४२,९५,००० | ४२,४३,८८०.५० | ० | ४२,४३,८८०.५० |
| धरौटी | | ० | १,२५,००० | ० | १,२५,००० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५१,०७,९५,०३८ | ४४,१३,४७,६६१ | | ४४,१३,४७,६६१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५०,६५,००,०३८ | ४३,९३,४६,७४५ | | ४३,९३,४६,७४५ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २०,२७,३७,१०६ | १८,९०,४९,२२७ | ० | १८,९०,४९,२२७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२,७७,०६,००० | ११,९७,८८,३४६ | ० | ११,९७,८८,३४६ |
| २५००० सहायता (Subsidy) | १८ | ७१,००,००० | ६९,४७,००० | ० | ६९,४७,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| २७००० सामाजिक सुरक्षा | १८ | ८१,३१,००० | ८०,०९,६८१ | ० | ८०,०९,६८१ |
| २८००० अन्य खर्च | १८ | १५,००,००० | १४,९१,३४७ | ० | १४,९१,३४७ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १५,९३,२५,९३२ | ११,४०,६१,१४४ | ० | ११,४०,६१,१४४ |
| घ. अन्य भूक्तानी | | ४२,९५,००० | २०,००,९१६ | | २०,००,९१६ |
| कोषहरु | | ४२,९५,००० | ० | ० | ० |
| धरौटी | | ० | २०,००,९१६ | ० | २०,००,९१६ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | -२,४२,५६,०३८ | -५,७३,५२४.६१ | | -५,७३,५२४.६१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २,६१,६६,९५४.९३ | | २,६१,६६,९५४.९३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | -२,४२,५६,०३८ | २,५५,९३,४३०.३२ | | २,५५,९३,४३०.३२ |
| बैंक तथा नगद बाकी | २४ | | २,५५,९३,४३०.३२ | | २,५५,९३,४३०.३२ |

आर्थिक विवरणमा नसमेटियका कारोवारहरु

| शीर्षक | निकासा | खर्च |
|---|---|---|
| | | |

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>सामाजिक सुरक्षा</td><td>67703112</td><td>67703112</td></tr>
<tr><td>एकिकृत स्वाथ्य पूर्वाधार विकास कार्यक्रम</td><td>14765000</td><td>14765000</td></tr>
</table></td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>खर्च बढी<br><br>शीर्षक गत आर्थिक विवरणमा देखाएको खर्च र बैंक नगदी कितावको आम्दानी, खर्च र बाँकी एक आपसमा भिडान हुनुपर्दछ । पालिकाले तयार गरेको आर्थिक विवरणमा कुल आम्दानी रु.५६८६११७८१।३२ र कुल खर्च रु.५६८९११७८१।३२ भई रु.३०००००। खर्च बढी भई बैंक घटी देखिएकोले फरक परेको रकम सम्बन्धमा यकिन गरी प्रमाण पेश गर्नुपर्ने रु.</td><td>३००,०००</td></tr>
<tr><td>४</td><td></td><td></td><td>पेश्की बाँकी<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२(४) मा नियमानुसार म्याद नाघेको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसारका कर्मचारी,संस्थागत तथा ठेकेदारहरुलाई नियम अनुसार दिएको म्याद नाघेको पेश्की फछ्र्यौट हुन बाँकी देखिएकोले नियममा व्यवस्था भए बमोजिम समयमै फर्छ्यौट गर्नुपर्दछ रु.
<table>
<tr><td colspan="4">म्याद ननाघेको</td></tr>
<tr><td>सि.नं.</td><td>पेश्की लिनेको नाम</td><td>स्थायी लेखा नम्बर</td><td>रकम</td></tr>
<tr><td>१</td><td>शनिदेब — बालिचंद्र जे.भि.</td><td></td><td>१०८००००</td></tr>
<tr><td>२</td><td>शनिदेब — बालिचंद्र जे.भि.</td><td></td><td>१६८१४५४</td></tr>
<tr><td>३</td><td>शनिदेब — बालिचंद्र जे.भि.</td><td></td><td>२७६१४५४</td></tr>
<tr><td>४</td><td>शनिदेब — बालिचंद्र जे.भि.</td><td></td><td>३५७०९२</td></tr>
<tr><td>५</td><td>ओम महाशनिदेव कन्स्ट्रक्सन सप्लायर्स एण्ड निर्माण सेवा</td><td></td><td>४८००००</td></tr>
</table></td><td>५,४७८,०९५</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | जम्मा | | ६३६०००० |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ४.१ | आराती शर्मा | ७,००० |
| ४.२ | आराती शर्मा | ३८,००० |
| ४.३ | आराती शर्मा | १,००,००० |
| ४.४ | आराती शर्मा | ३,७०,००० |
| ४.५ | काशिराम स्मृति प्रतिष्ठान पुस्तकालय | १,५५,००० |
| ४.६ | जनक सिह धामी | १,००,००० |
| ४.७ | थ्रेसर खरिद साविक १ र २ | ४८,००० |
| ४.८ | बासीखोला गाड झोलुङ्गे पुल | १०,५५,००० |
| ४.९ | भगवती खानेपानी तथा सरसफाई योजना | ७,९०,०९५ |
| ४.१० | भर्तोला झो पु निर्माण उ स | ११,३५,००० |
| ४.११ | म्याद नाघेको | ० |
| ४.१२ | शंकरपुर क्याम्पस पस्ती दार्चुला | ६,००,००० |
| ४.१३ | श्री हुनैनाथ माध्यमिक तह (१-१०) चन्दनपुर चौपाता | १०,८०,००० |

५ **विद्यालय अनुगमन**

कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८।७९ अनुसार विद्यालयलाई दिने अनुदान एकीन विद्यार्थी संख्याका आधारमा अनुदान दिई पालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन मापदण्ड तयार गरी अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । पालिकामा ४४ विद्यालय रहेकोमा विद्यालय अनुगमन मापदण्ड तयार नगरेको तथा विद्यालयमा गएका सवै प्रकारका अनुदानको अनुगमन नगरेकोले

| | | | | |
|---|---|---|---|---|
| | | | निकासा भएका अनुदानहरु सहि सदुपयोग भए नभएको एकिन हुने अवस्था छैन । नियममा भएको व्यवस्थाको पालनामा उप महानगरपालिकाले ध्यान दिनुपर्दछ । | |
| ६ | | | **जिन्सी अभिलेख अद्यावधिक**<br><br>जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार ल्यापटप प्रिन्टर र डेक्सटप कम्प्युटर लगायतका सामाग्रिहरु मर्मत गर्नुपर्ने तथा मोटरसाईकल लिलाम गर्नु पर्ने भनि औल्याईएकोमा सोको नियमानुसार मर्मत तथा लिलाम नगरेको, म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक तथा म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र स्थानीय तह भित्रका सरकारी, एलानी तथा प्रति जग्गाको अभिलेख अद्यावधिक तथा एकीकृत गर्नुपर्नेमा गरेको देखिएन ।पालिकाले यसको अभिलेख तथा व्यवस्थापन गरी तोकिएका फाराम प्रयोग तथा अभिलेख अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ७ | | | **शैक्षिक गुणस्तर**<br><br>सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको ब्यबस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंशा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यावसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन । यसमा सुधारकालागि पालिकाको ध्यान जानु पर्दछ । | |
| ८ | | | **सम्पतिको संरक्षण र उपयोग**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनेको छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नको लागि आवश्यक नीति तथा मापदण्ड निर्माण गरी सार्वजनिक सम्पति तथा जग्गाको अभिलेखाङ्कन, अनुगमन गरी संरक्षण तथा सम्वर्द्धन गर्नुपर्दछ । | |
| ९ | | | **जिम्मेवारी फरक परेको** | |

| | | | | |
|---|---|---|---|---|
| | | | जिम्मेवारी फरक परेको — स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.८८१८९३३४.१२ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.२६१६६९५४.९३ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.६२०२२३७९.१९ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्छ फरक मौज्दात आर्थीक वर्ष २०७७।७८ देखी नभिडेकोले हिसाब मिलान गरि राख्नु पर्दछ । | |
| १० | | | **संचित कोषमा स्थानान्तरण**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले पेश गरेको वित्तिय विवरण म.ले.प.फा.नं.२७२ को अनुसूची २३ अनुसार विभिन्न चालु,पूँजीगत आन्तिकर अनुदान खाताको बाँकी रकम हाल सम्म पनि संचित कोषमा स्थानान्तरण गरेको देखिएन । पालिकाले आर्थिक बर्षको अन्तमा खर्च हुन नसकी बाँकी रहेको रकम संचित कोषमा स्थानान्तरण गर्नुपर्दछ । | |
| ११ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपसिल बमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी **रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खाता र पुजीगत खर्च खातामा मौज्दात राखी खर्चखाताको मौज्दात शुन्य पारेको पाइएन,**<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको छ । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • **जिन्सी निरीक्षण भएको छ** तर उक्त प्रतिवेदनअनुसार मिनाहा तथा लिलामीका कार्य भएको पाइएन,<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सोबमवजिमको गुरुयोजना तथा योजना लेखापरीक्षणको क्रममा पेश भएको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको **निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,**<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म.ले.प.फा. नं. ५०७) **र कन्टिन्जेन्सी खाता राखेको पाईएन,**<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन,<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ बमोजिम नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन,<br>• कार्यपालिका तथा सभाको निर्णयबाट परिवर्तन भएका योजनाहरुको कार्यान्वयन सम्बन्धमा प्रगति विवरण तयार गरेको पाइएन,<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकिन गरी अध्यावधिक गरेको पाइएन,<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउन उल्लेखित व्यहोरामा सुधार गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १२ | | | **भ्रमण अभिलेख** | |

| | | | | |
|---|---|---|---|---|
| | | | सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण गर्दा म. ले. प. फाराम ९०७,९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्ने र म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राख्नुपर्नेमा पालिकाले सो ढाँचामा अभिलेख नराखेकोले कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने र भ्रमण विल प्रमाणित गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| १३ | | | **कानुन र न्यायिक समिति** | |
| १३ .१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । हालसम्म पालिकाले ऐन, नियमावली, कार्यविधि, निर्देशिकासमेत गरी ३३ कानून बनाएको छ । पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको स्थानीय तथ्याङ्क , फोहोर व्यवस्थापन लगायतका विषयमा स्थानीय कानून तयार गरेको छैन । पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको स्थानीय कानून निर्माण गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुऱ्याउनुपर्दछ। निर्माण भएका कानूनहरुलाई संघीय तथा प्रादेशिक कानूनबमोजिम संशोधन तथा अद्यावधिक गर्नेतर्फ पालिकाले ध्यान पुऱ्याउनुपर्दछ । | |
| १३ .२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । न्यायिक समितिसमक्ष आ.व.०७८/७९ मा गत वर्षको १७ मुद्दा जिम्मेवारी सरी आएको तथा यस वर्ष २ मुद्दा दर्ता भई कुल १९ मुद्दा रहेकोमा कुनै पनि मुद्दा फछ्र्यौट नभई बाँकी रहेको छ । मुद्दाको वडागत अभिलेख नराखेकोे, सूक्ष्म ढंगबाट विवादको विषयवस्तुको विश्लेषण गरी विवाद न्यूनीकरणलाई सहयोग पुऱ्याउने सम्बन्धी कार्यक्रमको सञ्चालन गर्नुपर्ने, त्यसैगरी पालिकाले न्यायिक समितिको क्रियाशीलता र प्रभावकारिता बढाउनुपर्ने हुँदा न्यायिक समितिलाई विवाद समाधानमा जिम्मेवार र जवाफदेही तुल्याई सर्वसाधारणलाई कम खर्चिलो, सरल र छरितो न्याय प्रदान गर्न विशेष ध्यान दिनुपर्दछ । | |
| १४ | | | **विविध खर्च**<br><br>विविध खर्चः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रयोजन नखुलाई रु. २५००००। विविध खर्च भनेर होटलहरुको विलको आधारमा खर्च गर्ने गरेको देखियो । अतः खर्च गर्दा औचित्य पुष्टि हुने प्रमाण संलग्न गरेर मात्र खर्च लेख्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| १५ | | | **आर्थिक सहायता** | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको छैन । पालिकाले अन्य सामाजिक सहायता कार्यक्रममा वडागत सिफारिस तथा निवेदनका आधारमा जोखिममा तथा विरामी परेका मानिसहरुलाई रु.१०६००००।— नगद बाँडेको देखियो । पालिकाले वडागत तथा नगरपालिकाको सिफारिसको आधारमा कार्यविधि नबनाई बाँडिएको पाइयो । यस्तो सहायता खर्च दिने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था नभएको देखिँदा खर्च रकम अनियमित देखिएको । | |
| १६ | | | **अनुदान फिर्ता**<br><br>अनुदान फिर्ता — संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको देहायबमोजिमको रकम फिर्ता गरेको नदेखिएकोले फिर्ता गर्नुपर्ने रु.<br><br>अनुदान प्रदान गर्ने निकाय: संघीय सरकार; अनुदानको प्रकार: शसर्त; प्राप्त रकम: २३९५७४३३२; खर्च रकम: २३७८१५००१; फिर्ता गर्न बाँकी: १७५९३३१ | १,७५९,३३१ |
| १७ | | | **बजेट तथा अख्तियारी**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाले मिति २०७८।३।१० गते रु. करोड ४५३७६५०००। लाखको बजेट सभासमक्ष पेश गरेकोमा २०७८।३।१० पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट पारित भएको ७ दिनभित्र खर्च गर्ने अख्तियारी दिनुपर्नेमा मिति २०७८।५।२३ मा मात्र बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । ऐनले तोकेको अवधिभित्र खर्च गर्ने अख्तियारी दिनुपर्दछ । | |
| १८ | | | **रकमान्तर**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहको कार्यपालिकाले स्वीकृत वार्षिक स्वीकृत बजेटको आधारमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने उल्लेख छ । यो वर्ष पालिकाले पटके निर्णयबाट विभिन्न योजना तथा कार्यक्रमबाट रु. ५६ लाख बजेट घटाई उति नै रकमान्तर भएको छ । रकमान्तर गर्दा तोकिएका कार्यक्रमलाई शुन्य बनाएर | |

Nested table in row १६:

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता गर्न बाँकी |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २३९५७४३३२ | २३७८१५००१ | १७५९३३१ |

| | | | | |
|---|---|---|---|---|
| | | | रकमान्तर गरेको देखिन्छ । अतः योजनाको विस्तृत सर्भेक्षण तथा प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा गरेर कार्यक्रम कार्यान्वयनमा कार्यालयले बिशेष ध्यान दिनुपर्दछ । | |
| १९ | | | **बजेट तथा नितीको प्राथमिकरण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गर्नुपर्नेमा पालिकाले गरेको देखिएन । पालिकाले सो सम्बन्धमा ध्यान दिनुपर्दछ । | |
| २० | | | **चौमासिक खर्च**<br><br>पालिकाले चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पूँजीगततर्फ बार्षिक रु.११ करोड ४१ लाख ३९ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.१३ लाख ५३ हजार अर्थात १.१८ प्रतिशत, दोश्रो चौमासिकमा रु.२ करोड ४ लाख ३ हजार अर्थात १७.८७ प्रतिशत र तेश्रो चौमासिकमा रु.९ करोड २३ लाख ८३ हजार अर्थात ८०.९४ प्रतिशत खर्च गरेको देखिएको छ भने असार महिनामा मात्र रु.६ करोड ८ लाख ९९ हजार अर्थात ५३.३५ प्रतिशत खर्च भएको छ । यसरी तेस्रो चौमासिकमा पूजींगत खर्चमा भार परेको देखिएबाट सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| २१ | | | **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएको छ । पालिकाले समितिको गठन गरी आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्दछ । **समितिको बैठक बसे पनि सैदान्तिक भाषागत रुपमा सिमा निर्धारण गर्ने, योजना छनौट गर्ने निर्णय मात्र गरी बैठक टुङ्गाउने गरेको देखियो । समितिले कानूनको व्यवस्था बमोजिमको कार्य गर्नुपर्दछ ।** | |
| २२ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** | |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १०१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ४५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुन प्रशासकीय अधिकृत, लेखा अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ५६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| २३ | | | **तलवी प्रतिबेदन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| २४ | | | **कर्मचारी करार**<br><br>कर्मचारी करार — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा १०४ जना कर्मचारीहरु करारमा राखि रु.२७६७५५४६। खर्च लेखेको छ । पालिकाले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी स्वीकृत गरेर मात्र कर्मचारी स्थायी पदपूर्तिमा ध्यान दिनुपर्दछ । | |
| २५ | | | **कल्याण कोष**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले हाल सम्म कर्मचारी कल्याण कोष स्थापना गरेको देखिएन र उक्त कोषको संचालन सम्बन्धी कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । कल्याण कोष संचालन सम्बन्धमा कार्यविधिको व्यवस्था गरी ऐनको व्यवस्थाबमोजिम सम्बन्धित कर्मचारीहरुबाट पनि रकम कट्टा गरी सो बराबरको रकम जम्मा गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| २६ | | | **कोभिड खर्च** | |

| | | | | |
|---|---|---|---|---|
| | | | कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७८।७९ मा गत बर्षको रु.३४९४४७८। अल्या गरेकोमा अन्य रकम आम्दानी र खर्च नभई बाँकी रहेको देखिन्छ । | |
| २७ | | | **आन्तरिक राजस्व** | |
| २७ .१ | | | राजस्व लेखा अद्यावधिक नभएको — आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७६ को नियम ५९ मा राजस्वको आम्दानी गर्दा आम्दानी दाखिला गरी गश्वारा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्दान्त अनुसार राजश्व लेखा अद्यावधिक हुनुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत ८ वडा पालिकाबाट रु.२०९९०३०।११ आन्तरिक राजश्व वापत एकीकृत वित्तिय विवरणमा आम्दानी देखाएको रकमको गोश्वारा भौचर लगायत म.ले.प फारामहरु दैनिक आम्दानी रिपोट,दैनिक दाखिला,मास्केवारी एवं स्रोतगत राजस्व आम्दानी देखिने गरी अभिलेख राखेको देखिएन । पालिकाले नगदी रसिद ठेलिहरु के कति छपाई गरेको हो सोको अभिलेख नराखेको र वडा कार्यालयहरुलाई ठेली बुझाएकोमा रसिद नियन्त्रण खाता राखेको देखिएन । कुन वडा कार्यालयबाट के कति राजस्व असुल भयो कति बाँकी छ सोको विवरण नभएकाले वास्तविक राजस्व असुलीको अवस्था र राजश्व आम्दानीमा प्रयोग हुने फारमहरु प्रयोग नगरी एकमुष्ट राजश्व आम्दानी देखाउदा वित्तिय विवरणमा देखाएको आम्दानीको यथार्थता एकीन गर्न सकियन । राजश्व आम्दानी प्रयोग हुने सम्पूर्ण म.ले.प. फारमहरु प्रयोग गरी राजश्व आम्दानीको अभिलेख अद्यावधिक आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन गर्ने सम्बन्धमा ध्यान पुऱ्याउनुपर्ने देखियो । | |
| २७ .२ | | | पालिकाले आफ्नो क्षेत्र भित्र रहेको आयका श्रोतहरु उचीत तरीकाले लेखाङ्कन गर्नुपर्ने तथा पालिका भित्रका घरजग्गा,व्यापार व्यवसाय,उद्योग तथा अन्य राजस्वका श्रोतहरु पहिचान गरी सोको अभिलेख राखी लगत अद्यावधिक गरी राख्नु पर्नेमा पालिकाले सोको अभिलेख पनि सही तरीकाले राखेको देखिएन । पालिकाले आफ्नो क्षेत्र भित्र रहेको आयका श्रोतहरु उचीत तरीकाले लेखाङ्कन गरी राजस्वको दायरालाई फराकिलो बनाउन तर्फ ध्यान दिनुपर्दछ । | |
| २८ | | | **कानून र सञ्चालन स्थिति**<br><br>कानून र सञ्चालन स्थिति — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३ वटा ऐन, १ वटा नियमावली, ४५ कार्यविधि लगायत ४९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । | |
| २९ | | | **खरिद विधिको पालना** | |

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ को उपनियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नु पर्ने व्यवस्था अनुसार आवश्यक कार्यको परीक्षणका लागि छुट्टै आइटम बनाई भुक्तानी समेत गर्ने गरेको छ । केही ठेक्कामा भुक्तानी प्रयोजनका लागि गुणस्तर परीक्षणका प्रमाण लिए पनि अधिकाँश ठेक्कामा गुणस्तर परीक्षणको प्रमाण लिएको देखिएन भने परीक्षण गरि प्रमाण पेश गरेका ठेक्का प्याकेजमा पनि के कति संख्या र समयमा गुणस्तर परीक्षण गरिनु पर्ने हो, सो अनुसार गरे नगरेको अनुगमन मुल्यांकन गरेको देखिएन । त्यस्तै गुणस्तर परीक्षण गर्दा के कस्ता आइटमको कार्यालयबाट र वाहिरीवाट गरिने स्पष्ट गरेको छैन । तसर्थ गुणस्तर परीक्षणको व्यवस्था गर्दा आवश्यक ठानिएका कार्यको अनिवार्य रुपमा गुणस्तर परीक्षण प्रमाण लिने र परीक्षण गर्दा गराउँदा सकेसम्म कार्यालयबाटै नमुना लिई परीक्षण गर्दा गराउदा भरपर्दो र बिश्वसनीय हुने तर्फ ध्यान जान आबश्यक देखिन्छ ।

**वीमा-** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा ब्यबस्था भएकोमा बाहेक दश लाख रुपैयाँभन्दा बढी मूल्यको निमार्ण कार्य गर्ने निर्माण ब्यबसायीले निर्माण सामग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने व्यबस्था छ । नियमावलीको दफा १२० अनुसार खरिद सम्झौताको म्याद थप गर्न सकिने तर म्याद थप गर्दा कार्यसम्पादन जमानत र बीमाको म्याद पनि थप गर्नुपर्ने ब्यबस्था छ । कार्यालयले तोकिए बमोजिम बीमा गर्नु पर्ने गरी सम्झौता गरे पनि वीमा गरेको प्रमाण नै लिने गरेको देखिएन । जसबाट निर्माण कार्यको जोखिम न्यूनीकरण गर्न ऐन नियमको मनसाय अनुसार कार्य भएको पाईएन । दश लाख रुपैयाँभन्दा बढी मूल्यको निमार्ण कार्य गर्दा त्रुटी सुधार गर्ने अबधिसम्मका लागि बीमा गर्ने गराउने व्यबस्था गरी त्यसको प्रमाण लिने व्यबस्था हुनुपर्दछ ।

**कार्य स्वीकार प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र प्रतिवेदन तयार भएपछि आवश्यक प्रक्रिया पूरा गरी भुक्तानीका लागि सम्बन्धित आर्थिक प्रशासन शाखा वा निकायमा लेखी पठाउनु पर्ने व्यवस्था छ । कार्य स्वीकार प्रतिवेदनको आधारमा अन्तिम विल भुक्तानी दिने र त्रुटि सच्चाउने अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा कार्यालयले त्रुटि सच्चाउने अवधि अगावै कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ । निर्माण व्यवसायी र उपभोक्ता समितिसँग भएको सम्झौताअनुसार त्रुटि सच्चाउने अवधि पश्चात त्रुटि सच्याउनु पर्ने अवस्था भएमा त्रुटि सच्याएर मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । नियमको पालना गरी निर्माण व्यवसायीलाई सम्झौताको अवधिसम्म जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

**कार्य स्वीकार प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र प्रतिवेदन तयार भएपछि आवश्यक प्रक्रिया पूरा गरी भुक्तानीका लागि सम्बन्धित आर्थिक प्रशासन शाखा वा निकायमा लेखी पठाउनु पर्ने व्यवस्था छ । कार्य स्वीकार प्रतिवेदनको आधारमा अन्तिम विल भुक्तानी दिने र त्रुटि सच्चाउने अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा कार्यालयले त्रुटि सच्चाउने अवधि अगावै कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ । निर्माण व्यवसायी र उपभोक्ता समितिसँग भएको सम्झौताअनुसार त्रुटि सच्चाउने अवधि पश्चात त्रुटि सच्याउनु पर्ने अवस्था भएमा त्रुटि सच्याएर मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । नियमको पालना गरी निर्माण व्यवसायीलाई सम्झौताको अवधिसम्म जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

| | | | | |
|---|---|---|---|---|
| | | | **म्याद थप**-सम्झाैता कार्यान्वयन सम्बन्धमा सम्झाैताकाे शर्त बमोजिम निर्धारित समयभित्रै खरिद कार्य सम्पन्न गर्नु पर्नेमा कतिपय कार्यहरु निर्धारित समयमा सम्पन्न नभइ कार्यालयले आपूर्तक वा निर्माण ब्यबशायीकाे माग बमाेजिम म्याद थप स्वीकृत गरेकाे देखिन्छ । म्याद थप गर्दा निर्माण ब्यवसायीकाे निबेदन बमाेजिम कारण मनासिब ठहऱ्याए कार्यपालिकाले निर्णय गरी म्याद थप गर्ने गरेको देखिन्छ । म्याद थप गर्दा पर्याप्त आधार प्रमाण लिएर मात्र म्याद थप गर्नुपर्दछ । | |
| ३० | | | **आन्तरिक लेखापरीक्षण**<br><br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको चालु शीर्षकको मात्र आन्तरिक लेखापरीक्षण गराएको छ । नियमानुसार सवै आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ३१ | | | **सामान र उपकरण**<br><br>**सामान र उपकरणः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम १०३(१)मा कामबाट अगल हुँदा जिम्मा रहेको जिन्सी नगद र स्रेस्ता लगायत विद्युतिय प्रणाली पासवर्ड,सोर्सकोड,लाईसेन्स अन्य संकेत हालवालालाई बरबुझारथ गर्नुपर्ने व्यवस्था छ । पालिकामा देहायको साविक/हालको पदाधिकारीले सुविधा वापत लिएको सामान र विद्युतिय उपकरण लेखापरीक्षण अवधिसम्म फिर्ता गरेको नदेखिएको पाम्सको खाता पाना नं. देहाय बमोजिम छ । | |

| सामान/उपकरण | थान | मुल्य | बुझ्ने पदाधिकारी |
|---|---|---|---|
| ४४ ४६ कासको थाल र गिलास | १० | २६५०० | साविक उपाध्यक्ष |
| ७८ सिलाई मेसिन(कुल ७९ थान) | २३ | ४८७५०० | खुसियाली समूह |
| ल्यापटप डेल आई ५ | १ | १००२८८ | कास अनिल धामी साविक अध्यक्ष |
| जम्मा | | ६१४२८८। | |

३२

**डीपीआर खर्च**

डीपीआर खर्च — सबै तहको सरकारी निकायको लागि अर्थ मन्त्रालयबाट जारी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक संयन्त्रबाट सम्पादन हुन सक्ने सम्भाव्यता अध्ययन जस्ता कार्यमा परामर्श सेवा खरिद गर्न नहुने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| सरस्वति मावि सेलिचामा भवन | प्लान एण्ड ईम्पलिमेन्ट ईन्जिनियरिङ्ग | ५००००० | ४९५१३७ | |
| बल्लेख लिमा तोलि मवाडी हुदै महाकाली करिडोर रोड | गन्तव्य एजुकेशन फाउण्डेसन | २०००००० | १९६३३७४ | |
| प्रशासकीय भवन निर्माण | साईनिङ्ग एक्सिस कन्सल्टेन्ट प्रालि | ५००००० | ४९७४५२ | |
| वडा ८ को वडा कार्यालय | गोल्डेन आई ईन्जिनियरिङ्ग कन्सल्टेन्सी | ५००००० | ४९८३३० | |
| | | ३५००००० | ३४५४२९३ | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

३३

**योजना र कार्यान्वयन**

| | | | | |
|---|---|---|---|---|
| | | | योजना र कार्यान्वयन — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । | |
| ३४ | | | **स्थानीय भत्ता**<br><br>शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम निकासा वा खर्च भएको रकम असुल गर्नुपर्ने उल्लेख छ ।पालिकाले २०७८ पुषको निर्णय अनुसार बालिचन्द्र आवि,चडेखातका शिक्षक हिरा धामीलाई काजमा कञ्चनपुर पठाउने गरी काज सरुवा गरेकोमा निज शिक्षकलाई तलव भत्ता निकासा गर्दा स्थानीय भत्ता प्रति महिना रु.६४६०। का दरले असार मसान्त सम्म रु.४५२२०। निकासा गरेको देखिएकोले नियमानुसार नपाउने रकम सम्बन्धित शिक्षकबाट असुल गरी दाखिला गर्नुपर्ने रु | ४५,२२० |
| ३५ | | | **विद्यालयलाई अनुदान**<br><br>विद्यालयलाई अनुदानः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ अनुसार तोकिएको सुचकाङ्कका आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान विद्यालयले शिक्षण सिकाई समयमापन सम्बन्धि कार्यविधि लागु गरेको सुनिश्चित गरी रु.५० हजार र उत्कृष्ट सिकाई उपलव्धि भएका विद्यालयलाई सिकाई सुद्धिढिकरणकालागि रु.२ लाख भुक्तानी दिने र सो रकमको निर्देशिका अनुसार मापदण्ड पालना गरे नगरेको तथा प्रस्तावका आधारमा विभिन्न सूचक निर्धारण गरी ति सूचक मूल्याङ्कन गरी उत्कृष्ट विद्यालयलाई अनुदान दिने उल्लेख छ । पालिकाको शिक्षा शाखाबाट विद्यालयको स्वःमूल्याङ्कनको आधारमा देहायका विद्यालयलाई निकासा भएको मापदण्ड र सूचक वेगर भुक्तानी भएको रकम सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु | ४५०,००० |
| ३६ | | | **विद्यालय अनुदान** | |
| ३६.१ | | | विद्यालय अनुदानः कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७।७८ अनुसार विद्यालयलाई दिने अनुदान एकीन विद्यार्थी संख्याका आधारमा अनुदान दिई पालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन मापदण्ड तयार गरी अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । विद्यालय अनुगमन मापदण्ड तयार नगरेको तथा विद्यालयमा गएका सवै प्रकारका अनुदानको अनुगमन नगरेकोले निकासा भएका अनुदानहरु सहि सदुपयोग भए नभएको यकिन गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ । | |
| ३६.२ | | | अनुदान — अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले शिक्षण सिकाई अनुदान तथा दरबन्दी नभएका विद्यालयमा बार्षिक प्रति | |

| | | | | |
|---|---|---|---|---|
| | | | विद्यार्थि लागत अनुदान र शिक्षण सिकाई अनुदान शीर्षकमा निकासा दिने गरे पनि पालिकाबाट बितरण भएको अनुदानको सम्बन्धमा स्थानीय अनुदान नीति तथा कार्यविधि, विद्यालयको O&M नगरी संघबाट वितरण हुने सोही शीर्षकमा दोहोरोपना हुने गरी पालिकाबाट नियुक्त गरी सहजकर्ता शिक्षकको बार्षिक खर्च लेखेको देखियो । एउटै शीर्षकमा विना कार्यविधि पालिकाबाट दोहोरोपना हुने गरी खर्च लेखेको मनासिव देखिएन । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । | |
| ३७ | | | **प्रगति प्रतिवेदन नभएको**<br><br>प्रगति प्रतिवेदन नभएकोः कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७।७८ को क्रियाकलाप २.७.१३.१३ अनुसार विद्यालयलाई दिने अनुदान सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार प्रकृया पुरा गरी खरिद गर्नुपर्ने र खरिद गरेका सामाग्रिहरुको सूचि सहित प्रतिवेदन स्थानीय तह तथा शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा दिनुपर्ने व्यवस्था छ । पालिकाले आईसिटिमा सरस्वती मावि सेलिचामालाई रु.६५०००० । निकासा भएको रकमको हाल सम्म कुनै पनि प्रगति प्रतिवेदन पेश नभएको र कार्यालयबाट अनुगमन समेत भएको नदेखिएकोले कार्यान्वयन पुस्तिका अनुसारको प्रमाण पेश गर्नुपर्ने रु | ६५०,००० |
| ३८ | | | **सेनीटरी प्याड खरिद**<br><br>सेनीटरी प्याड खरिद सामुदायीक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड १७७८० थान सोझै कोटेशनको माध्यमबाट प्रति थान ८५.८८ (मु अ कर सहित) को लागत अनुमान गरी श्री क्यापिटल सप्लायर्स(३००६३२३०१)बाट प्रति थान रु. ८५.८८ का दरले कुल रु.१५२७२८९।९२ (मु अ कर समेत) भुक्तानी गरी खरिद गरेको छ। स्थानीटरी प्याड ( बितरण तथा व्यवस्थापन ) कार्यविधि,२०७६ बमोजिम खरिद गरेका प्याडहरु बितरण गर्ने बिद्यालयले नाम नामेशी सहितको अभिलेख राख्नु पर्ने, खरिद गरेका प्याडहरु तोकिए बमोजिमको गुणस्तरको भएको भनि गुणस्तर जाँच गरेको प्रमाण हुनु पर्नेमा गुणस्तरयुक्त भनि प्रमाणित गरी राखेको प्रमाण नभएको, स्थानीय तहले प्रदेश सामाजिक मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिबेदन पठाएनु पर्ने लगायतका कार्य गर्नु पर्नेमा सो अनुसार गरेको अभिलेख रहेको पाइएन । कार्यबिधिले तोकेको प्रकृया पुरा गरेको नदेखिनु मनासिब नदेखिएकोले यस्तो प्रकृयामा सुधार हुनु पर्दछ । | |
| ३९ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br><br>प्रधानमन्त्री रोजगार कार्यक्रम — स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजागरी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रममा पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक योजना छनौट भएका | |

| | | | | |
|---|---|---|---|---|
| | | | देखिन्छन् । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा घोरेटोबाटो निर्माण, तटवन्धन, अन्य विद्यालय भवन मर्मत लगायतका कार्यक्रम सञ्चालन गरी ३९६ जनालाई औषतमा ७१.१ दिन मात्र रोजगारी उपलव्ध गराई श्रमिक ज्यालामा रु.१६२४७४६६। खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु तर्फ पालिकाको ध्यान जानुपर्दछ । | |
| ४० | | | **औषधि खरिद**<br><br>औषधि खरिदः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले आफ्नो उत्पादनको खुद्रा तथा डिलर विक्रि मूल्य सूची राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरेको र त्यस्तो उत्पादनकले स्थानीय डिलरलाई दिए सरहको छुट दिने गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने र एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको सोझै खरिद नहुने व्यवस्था छ । पालिकाले यस बर्ष औषधिजन्य सामाग्रि र औषधि सिलबन्दी दरभाउ पत्रको मार्फतबाट रु.१५३३५५०। को खरिद गरेको देखियो । नियममा तोकेको सिमा भन्दा बढीको औषधिजन्य सामाग्री तथा औषधि खरिद गरेकोमा स्थानीय डिलरलाई दिने सरहको मूल्यमा दिए नदिएको एकिन हुन सकेन । आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, खरिद भएको औषधिहरु विषय विज्ञबाट मुचुल्का उठाई जाँच गर्नुपर्ने, उक्त औषधि निशुल्क वितरण भनि लेखेको प्रमाण जस्ता व्यहोराहरु खुलेको प्रमाण राख्नु पर्नेमा सो अनुसार गरेको प्रमाण राखेको देखिएन । यस्तो अवस्थामा पालिकामा आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्पेशीफिकेशन अनुसार भएको छ भनि यकिन गर्न सकिएन । यसका अतिरिक्त बार्षिक खरिद योजना तयार गरी प्रतिस्पर्धात्मक लाभ लिदै गुणस्तरिय औषधि तथा उपकरण खरिद गरी अद्यावधिक अभिलेख राखी वितरण गर्न पालिकाले ध्यान दिनुपर्दछ । | |
| ४१ | | | **अनुदान बितरण** | |
| ४१<br>.१ | | | अनुदान बितरण - बितरण गरिने अनुदानलाई नतिजा एवं उत्पादनसँग आबद्ध गरी अनुदानको प्रभावकारिता बृद्धि गर्न सोलाई मार्गदर्शन गर्ने गरी अनुदान सम्बन्धी एककृत अनुदान नीति तथा कानून तर्जुमा गरी अनुदान वितरण तोकिएको उद्देश्य अनुसार प्राथमिकताको आधारमा लाभग्राहीलाई अनुदान वितरण गर्नुपर्दछ ।पालिकाले यस सम्बन्धमा कुनै कानुन तथा निति तयार गरेको छैन । कार्यालयबाट खर्च हुने अनुदानमा संघको कार्यक्रमको संघिय निर्देशिका र स्थानीय तहबाट खर्च हुने अनुदानको स्थानीय निर्देशिकालाई पालना गरेर खर्च गर्नुपर्नेमा केहि कार्यक्रममा सोको पनि पालना नगरी खर्च गरेको देखिन्छ । यसले गर्दा अनुदान वितरणमा वास्तविक लाभग्राहिले नपाउने पाए पनि उच्चतम सदुपयोगको सुनिश्चतता नहुने जोखिम देखिन्छ । पालिकाबाट हुने अनुगमन मुल्याँङ्कनमा वास्तविक वस्तुस्थितिको कार्यक्रम पूर्व तथा कार्यक्रम पश्चातको काम झल्कने गरी फोटो अनुगमन प्रतिवेदन वेगर अनुगमन भत्ताको मात्र विल भर्पाई रहने गरेको देखिन्छ । अनुदान रकम बितरण गरेकै आधारमा सबै काम सम्पन्न भई वितरित रकमको उच्चतम सदुपयोग भएको छ भनि बिश्वस्त हुने अबस्था | |

<table>
<tr><td></td><td></td><td></td><td>देखिदैन । साथै उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्ने र अनुदान प्राप्त गर्ने अनुदानग्राहीहरुको अभिलेख राख्ने तर्फ पालिकाको ध्यान जान आवश्यक देखिन्छ ।</td><td></td></tr>
<tr><td>४१.२</td><td></td><td></td><td>अनुदानबाट भए गरेका कामको मुल्यांकन र अनुदान वितरणबाट रोजगारी, उत्पादकत्व, राजस्व योगदान र नमुना तथा उत्प्रेरणाको कार्य भए नभएको सम्बन्धमा पालिकाले समिक्षा गरी आगामी दिनहरुमा यस्ता दिर्धकालीन प्रभाव पार्ने खालका कार्यमा लगानीको समुचित उपयोगलाई ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४२</td><td>२०२</td><td>२०७९-३-२१</td><td>बढी भुक्तानी<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । सुन्तला फलफूलको साना व्यवसायीक कृषि उत्पादन केन्द्र(पकेट) कार्यक्रमको लागि रानीपातल सुन्तला पकेट समन्वय समितिको सिचाईको लागि पानी ट्याङ्क बनाउन १५०० मिटर एच.डि.ई.पि पाईप खरिद गरेकोमा नापी कितावमा पाईप लाईन ४२.३० घनमिटर खन्ने पुर्ने कामको रु.५५६६७। मुल्याङ्कन गरेकोमा कार्य सम्पन्न प्रतिवेदनमा ९७.५ घनमिटरको रु.७२१। राखी रु.७०२९८। भुक्तानी भई रु.१४६३१। बढी भुक्तानी दिएकोले बढी भुक्तानी भएको उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु</td><td>१४,६३१</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम<br><br>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम निर्देशिका ७८/७९ अनुसार निरन्तर शैक्षिक कार्यक्रम सञ्चालन गर्न विज्ञान र कम्प्युटर प्रयोगशाला र भवन संरचना निर्माणको लागि बर्षान्त र बर्षान्तमा निकासा गरी विद्यालयको खातामा पठाएको छ । सो खर्चको विलभर्पाई सहितको कार्यसम्पन्न प्रतिवेदन र शैक्षिक क्यालेण्डर साथै संरचनाको कामको अभिलेख पेश गर्नुपर्ने
<table>
<tr><td>गो.भौ.नं./मिति</td><td>विद्यालयको नाम</td><td>काम</td><td>रकम</td></tr>
<tr><td>६१।०७९।३।२४</td><td>सरस्वती मावि सोलिचाना</td><td>कम्युटर प्रयोगशाला</td><td>६५००००</td></tr>
<tr><td>६१।०७९।३।२४</td><td>हुनैनाथ मावि चन्दनपुर</td><td>४ कोठे भवन</td><td>६५००००</td></tr>
<tr><td>६१।०७९।३।२४</td><td>डिन्सी मावि डिन्सी</td><td>विज्ञान प्रयोगशाला</td><td>६५००००</td></tr>
<tr><td>२४९।०७९।३।२४</td><td>खाना मावि एरिहाना</td><td>२ कोठे भवन</td><td>१८०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५६२००००</td></tr>
</table></td><td>५,६२०,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ४४ | | | **कोभिड १९ बाट तलव भत्ता**<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९(२) अनुसार प्रदान गर्ने शसर्त अनुदान तोकिएको काममा मात्र खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले कोभिड १९ अस्थायी अस्पतालमा कार्यरत जनशक्तिलाई पारिश्रमिक भुक्तानी शीर्षकबाट स्वास्थ्य तर्फका सेवा करारका कर्मचारीहरुलाई जेष्ठ महिनाको तलव रु.९०००००। भुक्तानी गरेको देखियो । यस आर्थिक बर्षमा कोभिड १९ सम्बन्धि कुनै पनि कार्य नभएको र कोभिड अस्थाई अस्पताल नै नभएको भनि पालिकाले विवरण पेश गरेको अवस्थामा गत आ.व.मा नियुक्त गरेका स्वास्थ्य कर्मीहरुलाई पालिकाको चालु खर्चबाट बजेट खर्च लेखि रहेकोमा आर्थिक बर्षको अन्तमा उक्त रकम निकासा भएकोले सवै कर्मचारी भुक्तानी गरेको भनि कार्यालयले जवाफ दिएकोले जुन प्रयोजनमा खर्च गर्ने सो बाहेक अन्य शीर्षकमा खर्च गरे पछि खर्च समायोजन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४५ | | | **सर्वेक्षकलाई डाटा संकलन**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ अनुसार खर्च गर्दा विल भर्पाईका आधारमा गर्नुपर्ने उल्लेख छ । स्थानीय तहबाट प्राथमिक सूचना संकलन कार्यक्रमको लागि रु.३ लाख खर्च लेखेकोमा विल भर्पाई परीक्षण गर्दा सर्वेक्षकलाई डाटा संकलन बापत रु.२०८९६०। र सोको बैठक भत्तामा रु.१५३००। गरी रु.२२४२६०। खर्च भएको देखिएकोले प्रमाण वेगर खर्च भएको रु.७५७४०। संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | ७५,७४० |
| ४६ | २०४ | २०७९-३-२१ | **होटल खर्च**<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९(२) अनुसार प्रदान गर्ने शसर्त अनुदान तोकिएको काममा मात्र खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले आयुर्वेद औषधालयको तलव,भत्ता र सञ्चालन खर्च तथा कार्यक्रम बजेटबाट विविध खर्च भनि होटलको विल राखी रु.११५६००। भुक्तानी गरेको देखियो । विना कार्यक्रम सशर्त अनुदानमा तोकेको रकम अन्य शीर्षकबाट खर्च गरेकोले नियम सम्मत नदेखिएको रु. | ११५,६०० |
| ४७ | | | **गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम**<br><br>गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालनका लागि उद्यम विकास सहजकर्ता र सहायक सहजकर्ता करारमा भर्ना गरी सहायक पाचौं र चौथोको तलव प्रदान गर्दै आएकोमा कार्यपालिकाले उद्यम सम्बन्धि कार्यविधि तयार गरी एक तह माथिल्लोमा करारमा भर्ना खोलेकोमा कार्यालयमा कार्यरत सोही जनशक्तिलाई २०७८ मंसिर ५ गते पालिकाको आन्तरिक श्रोतबाट स्थानीय भत्ता समेत भुक्तानी गर्ने गरी करार सम्झौता गरेको देखियो । करारका कर्मचारीहरुलाई महंगि भत्ता र स्थानीय भत्ता दिने पाईने नदेखिएकोले करार सम्झौता गर्दा करार नियमको पालना गरी तलव भत्ता भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । | |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>कर्मचारीको नाम</td><td>तलव स्केल</td><td>स्थानीय भत्ता</td><td>बार्षिक भुक्तानी</td></tr><tr><td>जगदिश चन्द अवस्थी</td><td>३७९९०</td><td>११८१०</td><td>१४१७२०</td></tr><tr><td>रविन्द्र सिंह धामी</td><td>३०२००</td><td>७७१०</td><td>९२५२०</td></tr></table></td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>शिक्षकको तलब भत्ता निकासा<br><br>शिक्षकको तलब भत्ता निकासा - शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकभन्दा बढी रकम निकासा वा खर्च भएको रकम असुल गर्नुपर्ने उल्लेख छ । पालिकाले विद्यालयको दोस्रो त्रैमासिक तलव भत्ता निकासा गर्दा शंकरपुर मावि पस्तिलाई रु.१०३२५३४। भुक्तानी गर्नुपर्नेमा रु.१०८५७३२। भुक्तानी गरी रु.५३१९८। बढी निकासा गरेको देखियो । तसर्थ पाउने भन्दा बढी निकासा भएको रकम असूल गर्नुपर्ने रु.५३१९८।</td><td>५३,१९८</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>अति विपन्न परिवार नगद हस्तान्तरण<br><br>अति विपन्न परिवार नगद हस्तान्तरण: कोभिड १९ महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि,२०७८ अनुसार वडाअध्यक्षले स्थानीय तहलाई सिफारिस गर्ने, प्राप्त निवेदन रितपूर्वक भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले यकिन गरी रितपूर्वकका निवेदनको सूची अनुसूची-३ बमोजिमको ढाँचामा तयार गरी दावी विरोधका लागि तीन दिनको अवधी दिएर सार्वजनिक गर्नुपर्ने । त्यसरी दाबी विरोध गर्ने अवधी सकिएको तीन दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले लाभग्राहीको अन्तिम सूची स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्नुपर्ने, कार्यपालिकाले पेश भएको सूचीमा समावेश भएका निवेदक लाभग्राही परिवारको हो होइन भन्ने थप यकीन गरी नगद प्राप्त गर्न योग्य लाभग्राही परिवारको अन्तिम सूची तीन दिन भित्र स्वीकृत गर्ने, सूचीमा परेका लाभग्राही निवेदकको बैङ्क खातामा रकम जम्मा हुनेगरी स्थानीय तहले प्रति परिवार दश हजार रुपैयाँका दरले नगद हस्तान्तरण गर्ने र नगद हस्तान्तरणको प्रतिवेदन त्यस्तो हस्तान्तरण गरेको पन्ध्र दिनभित्र अनुसूची-४ बमोजिमको ढाँचामा सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउनु पर्ने व्यवस्था रहेकोमा यस पालिकाले वडा कार्यालयको सिफारिसमा तोकिएका लाभग्राहीलाई रु.६४००००। नगद वितरण गरेको र केही वडाका लाभग्राहीको बैक खाता नखोलेको कारण कार्यालयका सहयोगीको खातामा एकमुष्ठ रु १९६००००। जम्मा गरेको पाइयो । यसरी निर्देशिकाले तोकेको रित नपुगी पठाएको रकम नियम सम्मत नदेखिएको र हस्तान्तरण गर्न बाँकी रहेको रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु</td><td>२,६००,०००</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>महिनावारी सुरक्षा<br><br>महिनावारी सुरक्षाः पालिका अन्तर्गत निरन्तर शिक्षण सिकाईलाई नियमित गर्न कक्षा ६ देखि १२ सम्मको किशोरीको लागि सेनिटरी प्याड(प्रतिप्याकेट ८ पिस) १७७८४ पाकेटको रु.१५२७२८९। मिति २०७९।३।२३ कार्यालयमा प्राप्त गरी विद्यालयमा पठाएको</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | आधारमा खर्च गरेको छ । संघिय शसर्त अन्तर्गत २०७८।७९ को शैक्षिक क्रियाकलापको लागि खरिद भएको बर्षा र बर्षान्तमा हुँदा सो बर्षको लागि खरिद गरी परिचालन भएको पाईएन । विद्यार्थि संख्या र शैक्षिक क्रियाकलापको लागि टेवा पुऱ्याउने गर खरिदको व्यवस्था हुनुपर्छ । खरिद भएको महिनावारी सुरक्षा व्यवस्था प्याडले बालिकाहरुको स्वास्थ्यमा पारेको प्रभाव समेत अध्यन गरी समस्या देखिएन अन्य उपचारको व्यवस्थामा ध्यान दिनु जरुरी छ । | |
| ५१ | | | **अनुगमन**<br><br>अनुगमनः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४१(६) बमोजिम सम्पति र स्रोतसाधनको समुचित उपयोगको व्यवस्था गर्नुपर्छ । पालिका अन्तगर्तको देहायको खर्च गरेकोमा अनुगमन समेत नभएकोले कार्यक्रमको प्रभावकारिता यकिन हुने गरी अनुगमन गरी खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |

| सि.नं. | कामको विवरण | इकाई | परिमाण | दर | रकम | प्रणाली |
|---|---|---|---|---|---|---|
| १ | खरको छानामुक्त अभियान(सुरक्षित नागरिक आवास) | परिवार | ४८ | २५००० | १२००००० | |
| २ | फिल्टर(स्टिल) विवरण(पोषण कार्यक्रम) | गोटा | ५७ | २७९० | १५९०३० | |
| ३ | डिजिटल लाईब्रेरी(सरस्वती मावि) राष्ट्रपति शैक्षिक सुधार | - | १ | - | ६५०००० | सफ्टवयर बाँकी |
| ४ | डिजिटल लाईब्रेरी(मालिकार्जुन मावि) राष्ट्रपति शैक्षिक सुधार | - | १ | - | ६५०००० | सफ्टवयर बाँकी |
| ५ | डिजिटल लाईब्रेरी(कृष्ण मावि डाडाकोट) राष्ट्रपति शैक्षिक सुधार | - | १ | - | ६५०००० | सफ्टवयर बाँकी |
| ६ | विज्ञान प्रयोगशाला (निलपातालेश्वर मावि) | - | १ | - | ६५०००० | सामाग्रि मौज्दात |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>१०९</td><td></td><td>३९३९०३०</td><td></td></tr></table></td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>अनुगमन तथा मुल्यांकन</td><td></td></tr>
<tr><td>५२.१</td><td>४८९</td><td>२०७९-३-१३</td><td>भ्रमण खर्च नियमावली २०६४ को नियम ३ अनुसार भ्रमण आदेश वा निर्णय बिना भ्रमण खर्च लिने गरी भ्रमण गर्न हुदैन भन्ने व्यवस्था रहेको छ साथै भ्रमण गर्ने पदाधिकारीले भ्रमण खर्च कम खर्चिलो र मितव्ययी गर्नुपर्दछ भन्ने व्यवस्था रहेको छ।।गो भौ नं ४८९।२०७९।३।१३ विविध खर्च शिर्षकबाट प्रमुख प्रशासकीय भवनको मुद्दाको सिलसिलामा महेन्द्रनगर दिपायल आवतजावत गर्दा भएको गाडीभाडा तथा होटल बास खर्च भनी भुक्तानी भएको २,५०,०००।०० मध्ये विभिन्न मितिमा गाडीभाडा वापत १,७५,०००।०० ,होटल बास तथा खाना वापत ७२,४८१।०० तथा अन्य खर्च २५१९।०० भुक्तानी भएको देखिन्छ।यसरी सरकारी कामको लागी जादा दैनिक भ्रमण भत्ता लिएर जानुपर्ने र भ्रमण नियमावलीमा तोकिएका परिधी भित्ररही खर्च गर्नुपर्नेमा कामको प्रमाण प्रगती र अख्तियारी वेगर खर्च गरिएको देखिन्छ । मुद्दाको सिलसिलामा महेन्द्रनगर र दिपायल कति पटक गएको ,को गएको तथा प्रगति के भएको साथै दैनिक भ्रमण भत्ता नलिएर माथि उल्लेख गरे बमोजिमको खर्च गर्नुको प्रमाण पेश गर्ने रु</td><td>२५०,०००</td></tr>
<tr><td>५२.२</td><td></td><td></td><td>गो भौ नं १७९।२०७८।१०।५ भ्रमण खर्च शिर्षकबाट गाँउपालिका अध्यक्ष नरेन्द्र सिंह धामी २०७८।९।२१ देखी २०७८।१०।१७सम्म स्विकृत भ्रमण आदेश अनुसार काठमाण्डौं गएको र सो अवधीको दैनिक भ्रमण भत्ता समेत बुझेको देखिन्छ तर गो भौ नं २२२।२०७८।१०।१० भ्रमण भत्ता शिर्षकबाट मिति २०७८।९।२५ देखी २०७८।१०।१ सम्म विभिन्न वडाहरुमा गोजना अनुगमन गरेको भनि दैनिक भ्रमण भत्ता बुझेको हुदा एउटै समयको दोहोरो भत्ता असुल गर्न पर्ने रु</td><td>१०,०००</td></tr>
<tr><td>५२.३</td><td></td><td></td><td>प्रदेश आर्थिक कार्यविधि २०७५ को दफा ३७(३) म खर्च गर्दाको विल भर्पाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ साथै भ्रमण खर्च नियमावली २०६४ को नियमा १८ को २ मा हवाई यातायातको सुविधा लिने पदाधिकारी तथा कर्मचारीले हवाई टिकट पेश गरेमा मात्र सो वापतको रकम पाइने उल्लेख छ । पालिकाले हवाई टिकट तथा बोर्डीङ्ग पास वेगर भुक्तानी दिएको देहाए बमोजिमको प्रमाण पेश गर्ने अन्यथा असूल गर्नुपर्ने रु
<table><tr><td>गो भौ नं मिती</td><td>पदाधिकारीको नाम पद</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>३५४।२०७८।१२।२०</td><td>गाँउपालिका अध्यक्ष नरेन्द्र सिंह धामी</td><td>२०७८।११।१९ देखी २०७८।१२।२ सम्म काठमाण्डौ भ्रमण गरेको प्लेन खर्च उपलब्ध गराइएकोमा भ्रमण आदेश र भ्रमण बिल बमोजिमको प्लेन टिकट नभएको</td><td>११२००</td></tr></table></td><td>१९,८००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>५९।२०७८।७।२३</td><td>गाँउपालिका अध्यक्ष नरेन्द्र सिंह धामी</td><td>२०७८।५।२८ देखी २०७८।६।९ सम्म काठमाण्डौ भ्रमण गरेको प्लेन खर्च उपलब्ध गराइएकोमा भ्रमण आदेश र भ्रमण बिल बमोजिमको प्लेन टिकट नभएको</td><td>८६००</td></tr><tr><td></td><td></td><td></td><td>१९८००</td></tr></table> | |
| ५२.४ | २८१ | २०७८-११-१२ | भ्रमण खर्च नियमावली २०६४ अनुसार भ्रमण गर्ने पदाधिकारीले भ्रमण खर्च कम खर्चिलो र मितव्ययी गर्नुपर्दछ भन्ने व्यवस्था रहेको छ।गो भौ नं २८१।२०७८।११।१२ विविध कार्यक्रम खर्चबाट गाँउपालिकाका पदाधिकारी तथा कर्मचारीको अन्तर जिल्ला अवलोकन भ्रमण कार्यक्रम वापत पोषण संयोजक रविन्द्र सिंह धामीलाइ १४,९७,९५१।०० भुक्तानी भएको छ जसमा पदाधिकारी तथा कर्मचारी समेत २५ जनाका लागी ५ वटा गाडी रिर्जव गरी प्रतिदिन प्रतिगाडी ९००० का दरले रु ४,५०,०००।०० गाडीभाडा वापत भुक्तानी भएकोले नियमावलीको मर्म विपरीतको खर्च अनियमित देखिएको रु | ४५०,००० |
| ५३ | | | **तलिम तथा बैठक भत्ता** | |
| ५३.१ | ३०९ | २०७८-११-१५ | अर्थ मन्त्रालयद्धारा प्रकाशित कार्य संचालन निर्देशिका २०७७ को बुदाँ नं.७.१.१५ मा सबै प्रकारका तालिम गोष्ठि कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड निर्धारण गरेको छ ।पालिकाले गो भौ नं ३०९।२०७८।११।१५ बाट ICT तालिम प्रशिक्षण कार्यक्रमका अतिथिलाइ समेत भत्ता वितरण गरेको छ जुन कार्य संचालन निर्देशिका २०७७ ले तोकेको मापदण्ड विपरीत रहेकोले असुल गरि राजश्व दाखिला गर्नुपर्ने रु | ७,६५० |
| ५३.२ | २९० | २०७८-११-५ | | |
| ५४ | | | **आन्तरिक आय** | |
| ५४.१ | | | आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय—व्ययको अनुमानमा आन्तरिक आयतर्फ | |

<table>
<tr><td></td><td></td><td></td><td>मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५० लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.२० लाख ९९ हजार अर्थात अनुमान भन्दा ४१.९८ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
<tr><td>५४.२</td><td></td><td></td><td>राजश्व दाखिला आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । पालिकाले नगदी रसिद ठेलिहरु के कति छपाई गरेको हो सोको अभिलेख नराखेको र वडा कार्यालयहरुलाई ठेली बुझाएकोमा रसिद नियन्त्रण खाता राखेको देखिएन । वडा कार्यालयलाई बुझाएको रसिदहरु हाल सम्म पालिकामा फिर्ता गरेको देखिएन । कुन वडा कार्यालयबाट के कति राजस्व असुल भयो कति बाँकी छ सोको विवरण नभएकाले वास्तविक राजस्व असुलीको अवस्था यकिन गर्न सकिएन । पालिका अन्तर्गत ८ वटा वडा पालिकाबाट रु.२०९९०३०।११ प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गर्नुपर्ने तथा कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन गर्ने सम्बन्धमा ध्यान पुऱ्याउनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>नन फाइलर :<br><br>नन फाइलर : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.२३१५६४।। भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु नन् फाईलर रहेकोले मू.अ.कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><th>गो भौ न</th><th>फर्म तथा सप्लायर्सको नाम</th><th>विजक रकम</th><th>मु अ कर रकम</th></tr>
<tr><td>३२७।०७९।३।२५</td><td>दाजु भाई अर्डस एण्ड सप्लायर्स</td><td>१४८०८६५।</td><td>११९२५५।</td></tr>
<tr><td>४२।०७९।३।२५</td><td>दाजु भाई अर्डस एण्ड सप्लायर्स</td><td>९७६२२९।</td><td>११२३०९।</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२३१५६४।</td></tr>
</table></td><td>२३१,५६४</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>अन्य कार्यालयको खर्च :<br><br>अन्य कार्यालको खर्च : गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम समपुरक कोष पुजिगतबाट प्रहरी चौकीको घेरबार तथा पर्खाल निर्माण गरेको विल भरपाराखीरु ३०००००।खर्च लेखेको छ । पालिकाले आफनो कार्य क्षेत्रमा मात्र खर्च गर्नुपर्नेमा अन्य कार्यालयको खर्च लेखेकोले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ५७ | | | **व्यवसायीबाट काम**<br><br>व्यवसायीबाट कामः ६५।०७९।३।२५ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(९) र (१०) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यको स्काभेटर र डोजर प्रयोग गर्न सकिने छैन र पाएको काम आफैले सम्पन्न गर्नुपर्ने व्यवस्था छ । मालिकार्जुन स्वालपानी सडक उपभोक्ता समितिसँग रु...... मा सम्झौता गरी (उपभोक्ता समिति अध्यक्ष विरसिंह धामी)सँग रु.... मूल्याङ्कन गरी रु.४८०००००। उपभोक्ता समितिलाई भुक्तानी गरेको पाईयो । खर्चसाथै प्राप्त बिल र मूल्याङ्कन परीक्षण गर्दा हुनैनाथ रानीवास निर्माण सेवा एक सप्लायर्सको हेभि ईक्युपमेन्ट लगसिट साधन नं.५१९६ (देवराज नाथ) अपरेटर करण धामीले २०७९।२।१७ देखि २०७९।३।२५ सम्म ७९५ घण्टामा ५०१ मिटर चलेको विलको प्रतिघण्टा रु.५७५०। को दरले रु.४२३२७५०। सोको हुने मूल्य अभिबृद्धि कर रु.५३२२५७। समेत रु.४८९६००७। कर विजक जारी गरेको विल पेश गरेको छ । उपभोक्तालाई दिएको काम निर्माण व्यवसायीलाई दिन नपाउनेमा व्यवसायीबाट काम गराएको नियमित देखिएन । व्यवसायीलाई भुक्तानी गरेको मूल्य अभिबृद्धि कर रु.५३२२५७। को ३० प्रतिशत मूल्य अभिबृद्धि कर कट्टा गरेको नदेखिएको रु.१५९६७७।१० असुल गरी दाखिला गर्नुपर्ने रु. | १५९,६७७.१ |
| ५८ | | | **पेश**<br><br>**पेश्की रकम जोखिममा**: गाउँपालिका वडा न ८ को भवन निर्माणको लागि निर्माण व्यवसायी ओममहा सनिदेव कन्स्ट्रकसन एण्ड सप्लायर्ससंग रु ४८०८२८५। मा मिति २०७९।३।२० मा सम्पन्न गर्ने गरी मिति २०७८।११।३० मा सम्झौता भएको छ । सम्झौता अनुसार निर्माण व्यवसायीलाइ गो भौ न १५२।०७८।१२।२१ मा रु ४८००००। पेश्की दिएकोमा लेखापरिक्षण अवधि २०७९।५।५ सम्म पनि निर्मण व्यवसायीले निर्माण कार्य सुरु गरेको देखियन । निर्मण व्यवसायीले सम्झौताको म्याद समाप्त भएकोमा म्याद थप पनि नभएको निर्माण कार्य पनि शुरु नगरेकोले सार्वजनिक खरिद ऐन तथा नियामावली अनुसार पेश्की रकम सरकारी बाँकी सरह असुल हुनुपर्दछ । | |
| ५९ | | | **ठेक्का व्यवस्थापन र भुक्तानी** | |
| ५९<br>.१ | | | **बैक जमानत**: बल्लेख लिमा तोली मवाडी हुदै महाकाली करीडोर जोडने निर्माण कार्यको लागि निर्माण व्यवसायी हुनैनाथ निर्माण सेवा प्रा ली संग रु ३२५९४८५। मा मिति २०७९।३।३० मा सम्पन्न गर्ने गरी मिति २०७८।१२।१० मा सम्झौता गरेको छ । निर्माण व्यवसायीले सम्झौतामा तोकेको अवधिमा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा उक्त अवधीमा निर्माण कार्य सम्पन्न गरेको छैन । सम्झौतामा तोकेक अवधी समाप्त हुदा सम्म पहिलो रनिङ बिल पेश गरी रु १०४८६००।४३ भुक्तानी भएको छ । लेखपारीक्षण अवधि २०७९ साल भाद्र महिना सम्म निर्माण कार्य पनि सम्पन्न नभएको म्याद थप पनि भएको देखियन । पालिकाले निर्माण कार्य समयमा नगर्ने निर्माण व्यवसायीसंग खरिद नियामावली अनुसार पुर्व निर्धारित क्षतिपुर्ति लिने गरी म्याद थप गरी निर्माण कार्य समयमा सम्पन्न गर्ने तर्फ पहल गर्नुपर्ने देखिन्छ । निर्माण व्यवसायीले पेश गरेको रु २६१००००।को राष्ट्रिय बाणिज्य बैकको बैक जमानतको म्याद अवधी मिति | २,६१०,००० |

<table>
<tr><td></td><td></td><td></td><td>२०७९।३।३० सम्म भएकोले खरिद नियमावली अनुसार मान्य हुने अवधीको कार्य सम्पादन जमानतको म्याद थप गरेको प्रमाण पेश गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>५९<br>.२</td><td></td><td></td><td>सोझै खरिद : सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्नु नहुने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु १० लाखसम्मको खरिद कार्य सोझै खरिद गर्न सकिने रु १० लाखभन्दा माथि रु २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सिमाभन्दा बढिको खरिद गर्न नहुने एवं एउटा आपुर्तिककर्तासंग एक पटकभन्दा बढि सोझै खरिद गर्न नहुने उल्लेख छ ।पालिकाले यो वर्ष पटक पटक गरी खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ सोझै रु रु २४५७०९४ । सामान खरिद गरेकोले कानुनको पालना नगरी सोझै खरिद गरेको नियससम्मत नदेखिएको ।
<table>
<tr><td>गौ भौ न</td><td>कामको विवरण</td><td>आपुर्तकको नाम</td><td>खर्च रकम</td></tr>
<tr><td>३२७।०७९।३।२५</td><td>फर्निचर तथा फिक्चर्स खरिद</td><td>दाजु भाई अर्डस एण्ड सप्लायस</td><td>१४८०८६५।</td></tr>
<tr><td>४२।०७९।३।२५</td><td>ट्रस निर्माण</td><td>दाजु भाई अर्डस एण्ड सप्लायस</td><td>९७६२२९</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२४५७०९४</td></tr>
</table></td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>म्याद थप :<br><br>म्याद थप: सार्वजनिक खरिद ऐन २०६३ को दफ ५६ [ १] मा काबु परिस्थिति सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुर उपलब्ध गराउन नसकेमा वा अन्य मनासिव कारण भएमा खरिद सम्झौताको अवधी थप गर्न सकिने व्यवस्था छ । पालिकाको वडा न ८ को भवन निर्माणको लागि ओममहा सनिदेव कन्स्ट्रकसन एण्ड सप्लायर्ससंग मिति २०७९।३।२० मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निर्माण व्यवसायीले सम्झौता अनुसार निर्माण कार्य सम्पन्न नगरेकोमा म्याद थप गरेको छैन । निर्माण व्यवसायीले सम्झौता अनुसार निर्माण कार्य सम्पन्न नगरेकोमा खरिद नियमावली अनुसार पुर्वनिर्धारित क्षतिपुर्ति लिने गरी म्याद थप गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।<br>बैक जमानत: सार्वजनिक खरिद ऐन २०६३,को दफ २७(३) मा वोलपत्र स्विकृत भएपछि १५ दिन भित्र कार्य सम्पादन जमानत दाखिला गरी सम्झौताको लागि उपस्थित हुनु पर्ने व्यवस्था रहेको छ । पालिकाले ठेक्का न. ०३।०७८।७९को लागत अनुमान रु ९४९९९८८। ओममहा सनिदेव कन्स्ट्रकसन एण्ड सप्लायर्ससंग रु ४८०८२८५। मा भवन निर्माण कार्य मिति २०७९।३।२० मा सम्पन्न गर्ने गरि मिति २०७८।११।३०मा सम्झौता गरेको छ ।सार्वजनिक खरिद नियमावली अनुसार कार्य सम्पादन जमानतको मान्य अवधी निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधि भन्दा कम्तिमा १ महिना बढि अवधिको हुनु पर्ने व्यवस्था छ ।कार्य सम्पादन जमानत रु १९४००००।म्याद समाप्त भएकोले मान्य हुने अवधी रहेको कार्य सम्पादन जमानत पेश गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ६१ | | | **अग्रीम कर :**<br><br>अग्रीम कर कट्टा नगरेको : आयकर ऐन २०५८ को दफा ८९ [१] मा भुक्तानी दिदा भुक्तानीको कुल रकममा एक दशमलब पाचप्रतिशतका दरले अग्रीम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो भौ न ४२।०७९।३।२५ बाट दजुभाई अर्डस एण्ड सप्लायर्सलाइ रु ९७६२२९। मु अ कर समेत भुक्तानीदिएकोमा अग्रीम कर रु १२९५८। कट्टा नगरेकोले उक्त कर रकम असुल गरी दखिला गरे प्रमाण पेश हुनुपर्ने रु | १२,९५८ |
| ६२ | | | **मेसिनरी र स्वास्थ्य उपकरण**<br><br>मेसिनरी र स्वास्थ्य उपकरणः पालिकामा उपलव्ध स्रोत साधन उपकरण तथा यन्त्रको उचित परिचालन गरी सेवा र सुविधा पुऱ्याउन यि मेसिनरी उपकरणको व्यवस्था गरिएको हो । पालिकाले २०७५।३।२९ मा प्राप्त गरेको १ थान स्काभेटर जेसिवि रु.११५०००००। ५ बर्ष आयु भएको बकेट र ब्रेकर सहितको एकसेट भारी उपकरणको चालक,ईन्धन,मर्मत,सहायक द्धारा जनतालाई सहज आवतजावत र अन्य सुविधाको लागि प्रयोग गरी अधिकतम लाभ लिनुपर्नेमा पालिकाले सेवादिएको परिमाणात्मक मूल्य खुलाई अभिलेख राख्ने,विगत बर्ष र यो बर्षमा सो उपकरणबाट प्राप्त सेवाको मूल्य र प्रतिफलको बार्षिक अभिलेख नराखेको र उपकरणको क्षमता अनुमान उपयोग नगरी निष्कृय राखेको अवस्था छ । सो निर्माणमा परिचालन हुनुपर्दछ ।त्यसै गी सिपविकास तालिमको लागि ७९ थान को रु.१२५७८९९। मूल्य बराबर सिलाई मेशिन रहेकोमा सलाईको ३ महिने ६ महिने तालिममा परिचालन गरेको पाईएन । त्यस्तै अल्ट्रा साउण्ड ५००एम वि/०७८।११।२२ मा प्राप्त अल्ट्रासाउण्ड मेसिनकले दिएको सेवा र लागतको बारेमा प्रतिवेदन नभएकाले पारिचालन अवस्था खुल्न सकेन । पालिकामा भएको स्रोत साधन परिचालन हुनुपर्दछ । | |
| ६३ | | | **अस्पताल भवन निर्माण** | |
| ६३ .१ | | | **अस्पताल भवन निर्माण**<br>पालिकाको लागि १० सैयाको अस्पताल निर्माणमा रु.११ करोड ८६ लाख ४८ हजारको प्रोभिजनलसम विद्युत सेनिटरी र सिभिल कामको मूअ कर बाहेकको लागत अनुमान तयार गरी प्रतिर्पर्धा गराउदा राजेन्द्र निर्माण सेवाको सवै घटि प्रस्ताव रु.६५३३९४४०। मूअ कर बाहेको स्वीकृत गरी हालसम्म दोस्रो विलसम्म रु.१५५११७६८। मूअकर बाहेक भुक्तानी गरको छ । दोस्रो रनिङ्ग विल ०७९।३।१० सम्म करिव १० प्रतिशत प्रगति भएको छ । र मोविलाईजेशन पेश्की रु.४०८९७४५ बाँकी देखिन्छ । साथै राजेन्द्र निर्माण सेवालाई रु.२१२२३७४७। मूअकर समेत भुक्तानी गरेको विवरण प्राप्त भएकोले रु.३६९५१७६।१३ स्पष्ट खुल्ने प्रमाण पेश भएन ।<br>सो भवनको पेश भएसम्मको स्रेस्ता कागजात परिक्षण गर्दा देखिएको व्यहोरा देहाय बमोजिम छ ।<br><table><tr><td>विल मिति</td><td>मुअकर बाहेक मूल्यबृद्धि</td><td>पेफ</td><td>मुअकर बाहेक भुक्तानी विल</td><td>कूल विल</td></tr></table> | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>प्रथम २०७८।१०।५</td><td></td><td></td><td>९०७८६१९</td><td>१०२५८८३९</td></tr>
<tr><td>दोस्रो २०७९।३।२५</td><td></td><td>९६६८७२९</td><td>६४३३१४९</td><td>१७१३३७२९</td></tr>
<tr><td>जम्मा</td><td></td><td>९६६८७२९</td><td>१५५११७६८</td><td>२७३९२५६८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६३.२</td><td></td><td></td><td>ईटाको कार्यः स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १३ र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० मा यथासम्भव वास्तविक हुनेगरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले १० शैयाको अस्पताल भवन निर्माणमा लागत अनुमान तयार गर्दा संघिय शहरी विकास तथा भवन निर्माण नर्म्स प्रयोग गरी काम गराउदा लागत अनुमानमा बढी व्ययाभार पर्ने हुदाँ प्रयोग भएको ईटाको आकार र जोडाईको बालुवा हिसाव गरी १ घनमिटरमा लाग्ने परिमाण यकिन गरी मूल्याङ्कन नगर्दा रु.४४१९११६। को कुल काम मध्ये दोस्रो विलसम्मको विलबाट लागत भार परेको छ । अस्पताल भवन निर्माणको दर विश्लेषण अनुसार ईटाको संख्या प्रति घनमिटर ५६० लाग्ने अनुमान छ । दर विश्लेषणमा आकार र साईज खुलाएको पाईएन । प्राप्त उपयोग हुने गरेको घनगढीमा निर्मित ईटाको २५० सेमि लम्बाई १३० सेमि चौडाई र ८० सेमि सिमेन्ट जोडाईको १ ईन्चि समेत देखिदाँ सो साईजबाट हुने ४१५ गोटा प्रति घनमिटरमा देखिन्छ । ५६० गोटाबाट लाग्ने घटाउदा प्रतिघनमिटर १४५ संख्याको आधारमा प्रथम र दोस्रो विलसम्म ९७.८६ घनमिटर ईटाको काम हुँदा १४१९० गोटा ईटा प्रतिगोटा रु.२७.५६ दरले हुने रु.३९१०१६।४० वास्तविक काम भन्दा बढी लागत अनुमानमा भार थप हुँदा लागत अनुमानको दर विश्लेषणमा नर्म्स पुनरावलोकन गरी स्पेसिफिकेसनबाट स्पष्ट बनाउनु पर्छ ।</td><td></td></tr>
<tr><td>६३.३</td><td></td><td></td><td>स्टोलको कामः ५।०७९।३।२५ सार्वजनिक खरिद नयमावली,२०६४ को नियम १२३ मा प्राविधिक नापजाँचको वास्तविक पूरा गरिएको कार्यको खर्च लेख्नु पर्ने व्यवस्था छ । अस्पताल निर्माणको राजेन्द्र निर्माण सेवाबाट सम्पादित कामको स्टीलवर्कमा प्रयाप्त चेयर्स र स्पेयर्स,वारको लम्बाई १० मिटर ल्यापको लम्बाईको गणना स्टिलको साईज र प्रयोग भएको लम्बाई खुलाई नापी गर्नुपर्ने व्यवस्था छ । सो पुष्टिगर्न वार तालिका र उपयोग गरेको फोटोले समेत प्रभावित गर्नुपर्छ । अस्पताल भवनको नापी अनुसार तयार नगरेकोले स्टील परिमाण यकिन गर्ने अवस्था नहुँदा आकार अनुसारको प्रयोग भएको लम्बाई खुलाई परिमाण केजि यकिन गरी प्रति केजी ९५। मूअ कर समेत गरेर २४८६२२६।०० खर्च लेखेको यकिन हुने नापी किताब पेश गर्नु पर्दछ ।
<table>
<tr><td>सि.नं.</td><td>नापी गरेको</td><td>आधार</td><td>परिमाण केजि</td><td>प्रथम विल</td><td>जम्मा</td></tr>
<tr><td></td><td>पिल्लर</td><td>From BBA</td><td>४३२८</td><td>७६६०</td><td>११९८८</td></tr>
<tr><td></td><td>विम</td><td>From BBA</td><td>९८०२</td><td>१४६४१</td><td>२४४४३</td></tr>
<tr><td></td><td>स्ल्याव</td><td>From BBA</td><td>८२४५</td><td>५३६०</td><td>१३६०५</td></tr>
<tr><td></td><td>स्टेयर केस</td><td>From BBA</td><td>२७७</td><td>७००</td><td>९७७</td></tr>
</table>
</td><td>२,४८६,२२६</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>सिल एण्ड लिण्टल</td><td>From BBA</td><td>५०८</td><td>६००</td><td>११०८</td></tr>
<tr><td></td><td>फुटिङ</td><td></td><td>२३१६०</td><td>४३००</td><td>४३००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>३३६२१</td><td>५६४२१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६३.४</td><td></td><td></td><td>
नापि भन्दा बढी खर्चः ५।०७९।३।२५ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(१ख) बमोजिम सम्झौता बमोजिमको शर्त प्राविधिक नापजाचको वास्तविक पूरा गरिएको कार्यको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । दोस्रो विलको नापी किताव परिक्षण गर्दा देहायको कार्यको नापी किताबमा रहेको परिमाण भन्दा बढी परिमाणको भुक्तानी गरेको नपाउने हुदाँ मूल्य अभिबृद्धि कर सहित असुल गर्नुपर्ने रु.१०५३९७४
<table>
<tr><td>कामको विवरण</td><td>ईकाइ दर</td><td>परिमाण विल</td><td>परिमाण नापी</td><td>बढी परिमाण</td><td>दर</td><td>जम्मा</td></tr>
<tr><td>कङक्रिट</td><td>४.२</td><td>२४८.९७</td><td>२०६.४८</td><td>४१.४९</td><td>११०००</td><td>५५६३९०</td></tr>
<tr><td>फलामे डण्डी</td><td>५.१</td><td>२७०१४.९</td><td>२३१६०</td><td>३८५४.९</td><td>९५</td><td>३६६२१५।५</td></tr>
<tr><td>फर्मा</td><td>६.१</td><td>१५६८.३३</td><td>१२५२</td><td>३१६.३३</td><td>३५०</td><td>११०११५।५</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>९३२७२१</td></tr>
</table>
</td><td>१,०५३,९७४</td></tr>
<tr><td>६४</td><td></td><td></td><td>
लागत अनुमान तयार नगरेको :<br><br>
लागत अनुमान तयार नगरेको :सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको १ लाख भन्दा बढीको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले ३ कोठे प्रीफेव भवन निर्माणको लागि लागत अनुमान तयार नगरी सोझै कोटेसन लिएर खरिद नियमावलीले तोकेको भन्दा बढी सिमा रकमको चिरीन्जीवी निर्माण सेवा प्रा ली संग निर्माण कार्य गराइ रु १५७४९३७। खर्च लेखेको छ । खरिद नियमावली व्यवस्था अनुसार लागत अनुमान तयार नगरेकोले निर्माण कार्यको लागत यर्थाथपरक भयो भनि यकिन गर्ने सकियन भने खरिद नियमावलीको व्यवस्था भन्दा बढी रकमको सोझै निर्माण गरी खर्च लेखेको अनियमित देखिएको रु
</td><td></td></tr>
</table>

६५

**हेभी इक्विपमेण्टको प्रयोग :**

**हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गरेको बिल संलग्न गरी भुक्तानी लिने गरेको छ । जटिल प्रकृतीको निर्माण कार्यमा समेत उपभोक्तासंग सम्झौता गरी निर्माण व्यवसायीको बिल समावेश गरी खर्च लेखेको अनिमित देखिएको रु

| गो भौ न | कामको विवरण | उपभोक्ता समितिको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ३१९।०७८।११।१ | नयाँ ट्र्याक खन्ने soft rock ,hard rock | सलेती गरडा च्युरेनी बन्थला पासा देउ बागबजार सडक निर्माण वड न ६ | २६५२८२५। |
| १७४।०७८।१२।३० | नया बाटो ट्र्याक खन्ने soft rock ,hard rock | चाडी सोलिचामा सडक निर्माण उपभोक्ता समिति | ५०००००। |
| २२७।०७९।२।३१ | track cutting soft rock ,hard rock | खेतार सुन्दरीखाली रतकोट ढक्पा सडक | ५०१७२०। |
| २५९।३।६ | track cutting soft rock ,hard rock | गरडा बाकु सडक स्तरोन्नती | १००००००। |
| २३४।२।३१ | track cutting soft rock ,hard rock ,soft boulder | मालिकार्जुन न्वालापानी सडक निर्माण | १९७८६३०। |
| | जम्मा | | ६६३३१७५। |

६६

**बढी भुक्तानी :** ५७,६३८

**बढी भुक्तानी** : भोरकोट खोलिचौर सडक निर्माण उपभोक्ता समितिलाई सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गरी रु ५०००००। भुकतानी दिएको छ । स्वीकृत नर्म्स अनुसार stone Masonry work 1: 6 दर रु १०३२२। को दरले ३७.२० घनमीटरको रु ३८३९७८।४० भुक्तानी दिनु पर्नेमा ११८७१।४२ का दरले रु ४४४१६१६।८९ भुक्तानी दिएकोले रु ५७६३८। बढि भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु

<table>
<tr><td>६७</td><td></td><td></td><td>

**नर्म्स फरक पारी लागत अनुमन तयार :**

**नर्म्स फरकपारी लागत अनुमान** : गाउँपालिकाले आफनो क्षेत्रभित्र संचालन गरी योजनाहरुको लागि पालिक नर्म्स तयार गरी सोही नर्म्स अनुसार योजनाहरुको लागत अनुमान तयार गर्नुपर्ने र पालिकाले नर्म्स तयार नगरेकोमा सम्वन्धित विभागले तयार गरेको नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्दछ । पालिका अन्तरगत सडक निर्माणको योजनाहरुको लागत अनुमान सडक विभागले स्वीकृत गरेको नर्म्स अनुसार लागत अनुमान तयर गर्नुपर्दछ । पालिकालेे उपभोक्त समितिबाट निर्मण गरेका निम्न योजनाहरुको निर्माण कार्य गर्दा सडक विभागले तयार गरेको नर्म्स भन्दा वढी दर रेट राखी लागत अनुमान तयार गरेकोले पालिकालाई बढि व्यभार परेको रु

<table>
<tr><td>उपभोक्त समिति</td><td>कामको विवरण</td><td>घनमिटर</td><td>नर्म्स अनुसार दर</td><td>भुक्तानी दर</td><td>बढी दर</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>सलेती गरडा च्युरेनी बन्थला पासदेउ बागबजार सडक</td><td>Hard rock</td><td>१८९२</td><td>३९४.९२</td><td>९५२</td><td>५५७.०८</td><td>१०५३९९५।</td></tr>
<tr><td>हुनैनाथ मन्दिर औतालेक फिल्ड निर्माण</td><td>Hard rock</td><td>२९४</td><td>३९४.९२</td><td>९५२</td><td>५५७.०८</td><td>१६४२४९।</td></tr>
<tr><td>मालिकार्जुन न्वालापानी सडक योजना</td><td>Hard rock</td><td>२०७०</td><td>३९४.९२</td><td>९५२</td><td>५५७.०८</td><td>११५३४९०।</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>२३७१७३४।</td></tr>
</table>

</td><td>२,३७१,७३४</td></tr>
<tr><td>६८</td><td></td><td></td><td>

**बिल पेश नभएको :**

**बिल पेश नभएको** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उप नियम ५ मा सार्वजनिक निकायले खर्च गर्दा खर्च त्यस्तो खर्च पुष्याई हुने बिल भरपाई संलग्न गर्नुपर्ने उल्लेख छ । पालिकाले गो भौ न २८३।३।१७ बाट अपी विज्ञापन एजेन्सीलाई रु १८९०००। खर्च लेखेकोमा खर्चको विल भरपाई संलग्न नगरेकोले खर्चको बिल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

</td><td>१८९,०००</td></tr>
<tr><td>६९</td><td></td><td></td><td>

**जिन्सी दाखिला :**

</td><td>८९,२७०</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | **जिन्सी दाखिला** : गाउँपालिकाको स्वीकृ कार्यक्रम अनुसार खरिद गरेका जिन्सी सामानहरु पालिकाको जिन्सी खातामा आम्दानी बाधी खर्च लेखनु पर्दछ । पालिकाले स्वास्थ्य चौकीको लागि गौ भौ न ३१३। ३।२३ बाट रु ८९२७०। ल्यापटप खरिद गरी खर्च लेखेकोमा उक्त ल्यापटप पालिकाको जिन्सी खातामा दाखिला नगरेकोले पालिकाको जिन्सी खातामा आम्दानी वाधेक प्रमाण पेश हुनुपर्ने रु | |
| ७० | | | **हेभी इक्विपमेण्टको प्रयोग :**<br><br>स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानिय तहले सार्वजनिक सेवा प्रवाहलाइ प्रभावकारी दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परिक्षण अन्तर्गत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्ने सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७।७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्ताको गरेको खर्चको सुचना सार्वजनिक टास गर्नुपर्ने र आफुले गरेको कामकारवाहीको सम्वन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको अवधिभित्र सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार गरेको देखियन | |
| ७१ | | | **सामाजिक सुरक्षा भत्ता**<br><br>सामाजिक सुरक्षा भत्ताः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले यस बर्ष बैंक मार्फत रु.६७७०३११२। वितरण भएको छ ।बैंकमा के कति खाताहरु निष्कृय रहेका र कति खाता अस्थाई रुपमा खोलेको विवरण पेश नगरेकोले वास्तिवक केकति खर्च भएको यकिन नभएकोले कार्यालयले बेलैमा लगत अद्यावधिक गरी यकिन तथ्याङ्कको आधारमा सामाजिक सुरक्षा भत्ता खर्च लेख्नु पर्ने देखिन्छ । | |
| ७२ | | | **कर कट्टी नभएको** | |
| ७२.१ | | | पालिकाले डा निराजन बोहरा सँग मासिक रु २ लाख पारीश्रमीक साथै रु ४२३४८ चाडपर्व खर्च भुक्तानी गर्ने र सामाजिक सुरक्षा कर १ प्रतिशत बाहेकको लाग्ने कर निज आफैले कट्टा गर्ने गरी करार सम्झौता गरेको देखिन्छ। डा निराजन बोहराले आ व २०७८।७९ को कर तिरेको प्रमाण पेश नगरेको हुंदा प्रमाण पेश गर्ने अन्यथा असूल गर्ने रु | ५१८,९३१ |
| ७२.२ | | | आयकर ऐन २०५४ को दफा ८७ सँग सम्बन्धित अनुसूची १ बमोजिम रोजगारीको आयमा वार्षिक कर गणना गरि दाखिला गर्नुपर्नेमा देहायबमोजिमका कर्मचारीहरुको छुट भएको कर असूल गर्नुपर्ने रु | ३८१,३४७ |

| क्र सं | नाम पद | करयोग्य आय | तिर्नुपर्ने कर | तिरेको कर(१%) | छुट कर |
|---|---|---|---|---|---|
| १ | सि अ न मि विमला धामी | १३४१२ | १३४१ | १३४ | १२०७ |
| २ | सि अ हे व जनक राज भट्ट | ७५८९७ | ७५८९ | ७५९ | ६८३० |
| ३ | सि अ हे व दिपक सिंह खत्री | ४८५०७ | ४८५० | ४८५ | ४३६५ |
| ४ | हे अ राम सिंह खत्री | ५७६७० | ५७६७ | ५७७ | ५१९० |
| ५ | सि अ हे व पदम राज गिरी | २०३५०५ | ३०७०१ | २०३५ | २८६६६ |
| ६ | ज स्वा नि गुणराज ओझा | २९६२५० | ४९२५० | २९६२ | ४६२८८ |
| ७ | सि अ हे व रामदत्त भट्ट | २८१२९९ | ४६२५९ | २८१३ | ४३४४६ |
| ८ | वरिष्ठ वैद्य दिवाकर जोशी | ७९६२३ | ७९६२ | ७९६ | ७१६६ |
| ९ | सि अ न मी सुन्दरी लुहार | २४७४१ | २४७४ | २४७ | २२२७ |
| १० | सि अ न मी बागमती थापा | ७३१७८ | ७३१७ | ७३२ | ६५८५ |
| ११ | सि अ न मी विमला धामी | ७३९३१ | ७३९३ | ७३९ | ६६५४ |
| १२ | हे अ महेश पार्की | २८३६७ | २८३६ | २८३ | २५५३ |
| १३ | हे अ तेज रावत | २८३६७ | २८३६ | २८३ | २५५३ |
| १४ | सि अ न मी गंगा पाल | ९३९२२ | ९३९२ | ९४० | ८४५२ |
| १५ | सि अ न मी लिला महरा | ५०३१९ | ५०३१ | ५०३ | ४५२८ |
| १६ | सि अ न मी लिला धामी | ९३९२२ | ९३९२ | ९४० | ८४५२ |
| १७ | सि अ हे व राजिव धामी | ३७५३० | ३७५३ | ३७५ | ३३७८ |
| १८ | सि अ न मि परुली धामी | ९३९२२ | ९३९२ | ९४० | ८४५२ |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | सि अ न मी जानकी ओझा | ४६३९२ | ४६३९ | ४६४ | ४१७५ |
| २० | अ हे व भूवन गिरी | २६६१२ | २६६१ | २६६ | २३९५ |
| २१ | अ हे व विक्रम सिंह धामी | १५३५५ | १५३५ | १५३ | १३८२ |
| २२ | अ हे व हिमा पन्त | २६६१२ | २६६१ | २६६ | २३९५ |
| २३ | सि अ हे व लाल सिंह धामी | ३४४३५ | ३४४३ | ३४४ | ३०९९ |
| २४ | सि अ हे व राम दत्त विष्ठ | १०७६१८ | ११५२३ | १०७६ | १०४४७ |
| २५ | सि अ हे व प्रेम वल्व जोशी | ५७६७० | ५७६७ | ५७७ | ५१९० |
| २६ | सि अ हे व दिनेश जोशी | ७३१७८ | ७३१७ | ७३२ | ६५८५ |
| २७ | हे अ राजिव भट्ट | ७५८९७ | ७५८९ | ७५९ | ६८३० |
| २८ | सि अ न मि विन्दु मिश्र | २३३४०६ | ३६६८१ | २३३४ | ३४३४७ |
| २९ | ई ईश्वर पन्त | १५४५९० | २०९१८ | १५४५ | १९३७३ |
| ३० | आई टी कृष्णराज जोशी | १५४५९० | २०९१८ | १५४५ | १९३७३ |
| ३१ | रोजगार संयोजक किशोर सिंह नगारी | १३०५९० | १६११८ | १३०६ | १४८१२ |
| ३२ | शि अ लोकेन्द्र सिंह धामी | १४९४०४ | १९८८० | १४९४ | १८३८६ |
| ३३ | स पाचौ आरती शर्मा | २४६७० | २४६७ | २४६ | २२२१ |
| ३४ | स पाचौ कल्याण सिंह धामी | ५६०८९ | ५६०८ | ५६१ | ५०४७ |
| ३५ | स पाचौ प्रेम सिंह खत्री | २७४६० | २७४६ | २७४ | २४७२ |
| ३६ | अधिकृत जय सिंह धामी | १८८५५५ | २७७११ | १८८५ | २५८२६ |
| | जम्मा | | | | ३८१३४७ |

| | | | | |
|---|---|---|---|---|
| ७३ | | | **पदाधिकारीको सुविधा** | |
| ७३.१ | | | भ्रमण खर्च नियमावली २०६४ अनुसार भ्रमण गर्ने पदाधिकारीले भ्रमण खर्च कम खर्चिलो र मितव्ययी गर्नुपर्दछ भन्ने व्यवस्था रहेको छ साथै स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को अनुसूची १ क मा गाँउपालिका अध्यक्ष र उपाध्यक्षलाई सुविधाको सवारी साधन उपलब्ध नभएमा मासिक १०००० र ९००० का दरले यातायात खर्च उपलब्ध गराउने व्यवस्था अनुसार पालीकाले पदाधिकारीहरुलाई मासिक यातायात खर्च उपलब्ध गराउदै आईरहेको छ साथै स्थानीय सरकार संचालन एन २०७४ तथा पदाधिकारी सेवा सूविधा संचालन एन २०७५ र संशोधन २०७६ अनुसार पदाधिकारीले स्थानीय तहमा अनुगमन गरेवापत अनुगमन भत्ता पाउने कुनै व्यवस्था गरेको देखिदैन र पदाधिकारीहरुले अतिथि सत्कार वापत पाउने रकम पदाधिकारीको सेवा सूविधामै समावेश गरेको हुदा सो वापत छुट्टै रकम पाउने व्यवस्था छैन । निम्न पदाधिकारीहरुलाई भ्रमण गर्दा गाडी भाडा वापत भुक्तानी गरिएको तथा अनुगमा भत्ता, अतिथि सत्कार र होटल बास वापत बुझेको रकम नियमावलीको मर्म विपरीतको अनियमित देखिएको रु | ४०८,५०० |

| गो भौ नं मिति | पदाधिकारी | विवरण | रकम |
|---|---|---|---|
| १४०।२०७८।९।६ | अध्यक्ष नरेन्द्र सिंह धामी | २०७८।५।२९ देखी ६।९ सम्म र २०७८।६।१३ देखी ७।१४ सम्मको भ्रमण आदेश बमोजिम भ्रमण गर्दा पालीका देखी धनगढी एयरपोर्टसम्मको गाडी भाडा वापत | ९०००० |
| १७९।२०७८।१०।५ | अध्यक्ष नरेन्द्र सिंह धामी | २०७८।९।२१ देखी १०।१७ सम्मको भ्रमण आदेश बमोजिम भ्रमण गर्दा पालीका देखी धनगढी एयरपोर्टसम्मको गाडी भाडा वापत | ४०५०० |
| ३५४।२०७८।१२।२० | अध्यक्ष नरेन्द्र सिंह धामी | २०७८।१०।११देखी १०।१६ सम्म र २०७८।११।१९ देखी २०७८।१२।२ सम्मको भ्रमण आदेश बमोजिम भ्रमण गर्दा पालीका देखी धनगढीसम्मको गाडी भाडा वापत | ८८००० |
| २२२।२०७८।१०।१० | उपाध्यक्ष पुष्पा अवस्थी | अनुगमन वापत | ४०००० |
| विभिन्न | अध्यक्ष नरेन्द्र सिंह धामी<br>उपाध्यक्ष पुष्पा अवस्थी | अतिथि सत्कार वापत मासिक रु१५००० का दरले १० महिना | १५०००० |
| | जम्मा | | ४०८५०० |

| | | | | |
|---|---|---|---|---|
| ७३ .२ | | | सुदुर पश्चिमाञ्चल प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ मा यस प्रदेशका स्थानिय तहका प्रमुख तथा उप प्रमुखले कानुनी सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । त्यस्तै स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ८३ को ८ मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपुर्ति गर्न नहुने कुरा उल्लेख छ तर नगरपालिकाले कानुनी सल्लाहकारको रुपमा श्री कुमारी कौशल्या ओझालाई नियुक्ति गरी मासिक २०८३३।००तलब भुक्तानी भएको छ । निज कानूनी सल्लाहकारको हाजिरी निरीक्षण गर्दा एक दिन पनि कार्यालयमा हाजिरभई कामकाज गरेको देखिएन यसरी सम्झौता विपरीत कार्यालयमा हाजिरी तथा काम विना के आधारमा निजलाई भुक्तानी भएको हो प्रमाण पेश गर्ने अन्यथा निज बाट असूल गर्ने | २५०,००० |
| ७४ | | | **अन्य भत्ताहरु** | |
| ७४ .१ | | | अर्थ मन्त्रालयद्धारा प्रकाशित कार्य संचालन निर्देशिका २०७७ को बुदाँ नं.७.१.१ को ६ मा बैठकमा आमन्त्रित सदस्यका रुपमा थप व्यक्तिहरु राख्न नपाईने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जना सम्म मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्ने सकिने व्यवस्था रहेकोमा गो भौ नं २५०।२०७८।१०।२६,२५१।२०७८।१०।२६ र २५२।२०७८।१०१६अन्य भत्ता शिर्षकबाट पालिकाले सहायक कम्प्यूटर अपरेटर, असिष्टेनेट सब इन्जिनियर, भेटेनरी जे टि ए र उद्यम विकास संयोजक पदको परिक्षा संग सम्बन्धित २४ बैठक बसेको देखिन्छ,छनौट समितिका ५ पदाधिकारी र ३ आमन्त्रित सदस्य गरि रु १९२०००।०० मात्र बैठक भत्ता वितरण गर्नु पर्नेमा ३वटा भौचर बाट रु ४४९०००।०० बैठक भत्ता वितरण गरेको छ । यसरी कार्य संचालन निर्देशिकाले तोकेको मापदण्ड विपरित बैठक भत्ता भुक्तानी गर्नु उपयुक्त नदेखिएकोले असुल गरी राजश्व दाखिला गर्नु पर्ने रु. | २५७,००० |
| ७४ .२ | १३८ | २०७८-९-१ | अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७५ को बुंदा ७.१.१ मा एउटै निकाय र अन्तर्गतका पदाधिकारी र कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र कानून अनुसार गठन भएको समितिहरुको बैठकको लागि मात्र बैठक भत्ता प्रदान गर्ने भनि उल्लेख छ । गो भौ नं १३८।२०७८।९।१ मा पालिकाले खरिद समितीका ५ बैठक बाहेक कार्यालयको नियमित बैठकको माइन्यूट राखेर साथै कार्यालयका कर्मचारी मात्र समावेश भएको बैठकमा पनि रु २५२०००।०० बैठक भत्ता खर्च लेखेको छ ।यसरी कार्य संचालन निर्देशिकाले तोकेको मापदण्ड विपरित बैठक भत्ता भुक्तानी गर्ने कार्य नियन्त्रण गर्नुपर्ने । | |

| क्र सं | पदाधिकारीको नाम पद | बैठक संख्या | बुझेको रकम भ्याट बाहेक |
|---|---|---|---|
| १ | प्र प्र अ गुणराज ओझा | ११ | ९३५०।०० |
| २ | इन्जिनियर इश्वर पन्त | ३३ | २८०५०।०० |
| ३ | शिक्षा अधिकृत लोकेन्द्र सिंह धामी | ४ | ३४००।०० |
| ४ | रोजगार संयोजक किसोर सिंह नगारी | ६ | ५१००।०० |
| ५ | लेखापाल पुष्कर विष्ट | ८ | ६८००।०० |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>६</td><td>सहायक पाचौ नर सिंह सामन्त</td><td>२८</td><td>१९५५०।००</td></tr>
<tr><td>७</td><td>सहायक पाचौ नरेन्द्र सिंह धामी</td><td>३</td><td>२५५०।००</td></tr>
<tr><td>८</td><td>सहायक पाचौ जनक राज अवस्थी</td><td>२०</td><td>१७०००।००</td></tr>
<tr><td>९</td><td>क अ गोविन्द सिंह धामी</td><td>५</td><td>४२५०।००</td></tr>
<tr><td>१०</td><td>सब इ सुमेरु विक्रम धामी</td><td>१२</td><td>१०२००।००</td></tr>
<tr><td>११</td><td>खा पा ट से नरेन्द्र राज पन्त</td><td>२३</td><td>१९५५०।००</td></tr>
<tr><td>१२</td><td>सहायक चौथो लोकराज ओझा</td><td>३०</td><td>२५५००।००</td></tr>
<tr><td></td><td>जम्मा</td><td colspan="2">१५१३००।००</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>७४ .३</td>
<td>४९</td>
<td>२०७ ८- ७- २१</td>
<td>पालिकाले विपद बाढी पहिरोका कारण भएको क्षति यकिन गर्न ईन्जीनियरको संयोजकत्वमा १० सदस्यीय टोली गठन गरी प्रोत्साहन भत्ता दिने निर्णय बमोजिम गौ.भौ.नं. ४९।२०७८।०७।२२ बाट निम्न कर्मचारीहरुलाई भुक्तानी गरिएकोमा कर कट्टी नगरिएको हुदा १५ प्रतिशत कर निम्न कर्मचारी बाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>पद/नाम</th><th>भुक्तानी लिएको रकम</th><th>१५ प्रतिशत छुट कर</th></tr>
<tr><td>ई ईश्वर पन्त</td><td>३०४००</td><td>४५६०</td></tr>
<tr><td>Nepal Red cross Society उमेश सिंह धामी</td><td>२२८००</td><td>३४२०</td></tr>
<tr><td>PPE Shankarpur प्रेम सिंह बोहरा</td><td>७२००</td><td>१०८०</td></tr>
<tr><td>PPE Malikarjun तेज बहादुर खडका</td><td>७२००</td><td>१०८०</td></tr>
<tr><td>PPE Dattu तिर्थ बहादुर भट्ट</td><td>४८००</td><td>७२०</td></tr>
<tr><td>PPE Joljibi प्रेम सिंह बोहरा</td><td>७२००</td><td>१०८०</td></tr>
<tr><td>PPE Dadakot नारायण सिंश विष्ट</td><td>४८००</td><td>७२०</td></tr>
<tr><td>WST नरेन्द्र राज पन्त</td><td>६०००</td><td>९००</td></tr>
</table>
</td>
<td>१७,३१०</td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>ASE ललित राज पन्त</td><td>२४००</td><td>३६०</td></tr><tr><td>ASE दामोदर सिंह धामी</td><td>३६००</td><td>५४०</td></tr><tr><td>का स भोज राज धामी</td><td>१९०००</td><td>२८५०</td></tr><tr><td colspan="2">**जम्मा**</td><td>**१७३१०**</td></tr></table> | |
| ७५ | | | **आयुर्वेद तर्फ**<br><br>आयुर्वेद तर्फः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९(२) अनुसार प्रदान गर्ने शसर्त अनुदान तोकिएको काममा मात्र खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले आयुर्वेदको सशर्त कार्यक्रमलाई विभिन्न शीर्षकमा बर्गिकरण गरी चौमासिक रुपमा खर्च गर्ने गरी स्वीकृत गरेकोमा सो बर्गिकरणमा आयुर्वेद तर्फको औषधि खरिदको लागि रु.६६९४४०। छुट्टाएकोमा कुनै कार्यक्रम नै नगरी रु.१२४४३८५।को औषधि खरिद गरेकोले बार्षिक कार्यक्रममा छुट्टाएको रकम सोही कार्यक्रममा मात्र खर्च गर्नुपर्नेमा अन्य शीर्षकमा रु.५७४९४५।खर्च गरेकोले निमम सम्मत नभएको । | |
| ७६ | | | **लघु उद्यम विकास कार्यक्रम**<br><br>गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को नियय ४१ अनुसार उद्यमीलाई उद्योगको प्रकृति,आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलव्ध गराईने र उपलब्ध गराईने प्रविधिको कूल लागतको कम्तिमा बिस प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्नुपर्ने तथा सञ्चालित सिप विकास तालिमबाट उत्पादन भएका समाग्रिहरुको विक्रिबाट प्राप्त भएको राजस्व संकलन गरी पालिकामा जम्मा गर्नुपर्ने उल्लेख छ ।तर कार्यालयबाट यस बर्ष प्रविधि हस्तान्तरण अन्तरगत मेसिन खरिद गरी रु.५८६४४०। खर्च लेखेकोमा खरिद सामाग्रीहरु उद्यमीहरुलाई वितरण गरी २० प्रतिशत रकम असुल गरी बाँकी ८० प्रतिशत मात्र भुक्तानी गर्नुपर्नेमा पुरै रकम भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.११७२८८। रकम सम्बन्धितबाट असुल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने तथा सिप विकास तालिमबाट उत्पादित सामाग्रिहरुको विक्रिबाट प्राप्त आय राजस्व जम्मा गर्नुपर्ने रु.<br>**कार्यालयको भनाईः** पालिकाको कार्यापालिका बैठकले पालिका भित्र रहेका अति विपन्नलाई शत प्रतिशत छुटमा सामान हस्तान्तरण गर्ने निर्णय गरेकोले सो रकम पुरै भुक्तानी गरेको । | ११७,२८८ |
| ७७ | | | **विविध** | |

| | | | | |
|---|---|---|---|---|
| ७७ .१ | | | **नन्फाइलर**–मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु१९५९५९भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु | १९५,९५९ |

| गो भौ नं मिती | भुक्तानी पाउने फर्मकोनाम | प्यान नं | मु अ कर रकम |
|---|---|---|---|
| १४९।२०७८।९।६ | लटिनाथ स्टेशनरी एण्ड अर्डर सप्लायर्स | ३०१७८२११९ | ३०४८५ |
| १५२।२०७८।९।६ | लटिनाथ स्टेशनरी एण्ड अर्डर सप्लायर्स | ३०१७८२११९ | ५६६८० |
| ३३९।२०७८।११।२३ | नर्मदा ईन्फोसिस | ६०७६९३३२ | ३२११० |
| ३४१।२०७८।११।२३ | दाजुभाई अर्डर एण्ड सप्लायर्स | ६१४६२०२९० | ११३६२ |
| ६१६।२०७९।३।२४ | महिला एकिकृत विकास एवं शसक्तिकरण नेपाल | | ६५३२२ |
| | | | १९५९५९।०० |

| | | | | |
|---|---|---|---|---|
| ७७ .२ | | | गाँउपालिकाले देहाय बमोजिमका करारका कर्मचारीहरुलाई स्थानीय भत्ता र महंगी भत्ता दिएको देखिन्छ । करारका कर्मचारीहरुलाई स्थानीय तथा महंगी भत्ता दिन पाउने व्यवस्था नभएकोले के आधारमा भुक्तानी गरेको हो प्रमाणपेश हुन पर्ने रु | ७२०,४८० |

| क्र सं | नाम | वार्षीक महंगी भत्ता | स्थानीय भत्ता |
|---|---|---|---|
| | इश्वर पन्त इन्जिनियर | २४०००।०० | १४१७२०।०० |
| | कृष्णराज जोशी सू प्र अ | २४०००।०० | १४१७२०।०० |
| | सुमेरु विक्रम धामी स इन्जिनियर | २४०००।०० | ९२५२०।०० |
| | गोविन्द सिँह धामी कम्प्यूटर अपरेटर | २४०००।०० | ९२५२०।०० |
| | सोवान सिँह धामी का स | २४०००।०० | ५४०००।०० |
| | देव सिँह धामी का स | २४००० | ५४०००।०० |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td>७२०४८०।००</td></tr></table></td><td></td></tr>
<tr><td>७७.३</td><td>२६।२०७८।६।२०</td><td>२०७८-६-२०</td><td>भ्रमण खर्च नियमावली २०६४ अनुसार भ्रमण गर्ने पदाधिकारीले भ्रमण खर्च कम खर्चिलो र मितव्ययी गर्नुपर्दछ भन्ने व्यवस्थारहेको छ।गो भौ नं २६।२०७८।६।२० सवारी साधन तथा मेशिनरी औजार भाडा खर्चबाट प्रमूख प्रशासकीय अधिकृत गुणराज ओझालाई काठमाण्डौं जानका लागि गाडी रु ७००००।०० गाडीभाडा वापत भुक्तानी भएकोले नियमावलीको मर्म विपरीतको खर्च अनियमित देखिएको रु</td><td>७०,०००</td></tr>
<tr><td>७७.४</td><td>१२६</td><td>२०७८-८-२९</td><td>आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा.... मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने तथा तोकिएको बाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार ब्यक्तिबाट यस्तो खर्च असुल उपर गर्न सकिने ब्यवस्था छ । कार्यालयले छुट्टै अस्तित्व र बजेट ब्यवस्था भएको प्रहरी चौकी व्यवस्थापन कार्यका लागी रु २००००० गो भौ नं १२६।२०७८।८।२९ बाट भुक्तानी दिएको देखिन्छ।यसरी पालिकाले विनियोजित बजेट अन्य कार्यालयको प्रयोजनमा खर्च गर्ने कार्य नियमित नदेखिएको रु</td><td>२००,०००</td></tr>
<tr><td>७७.५</td><td></td><td></td><td>कार्यालयले धारा विजुली विल तथा सवारी साधन नविकरण समयमा तिरी संस्थाले उपलब्ध गराएको छुटको सुविधा लिनुपर्नेमा ढिलो गरी भुक्तानी गर्दा विलम्ब शुल्क समेत तिर्नु परेकाले यसरी विल रकम भन्दा बढी भुक्तानी गर्नु परेको विलम्ब शुल्क नतिर्ने गरी आन्तरिक नियन्त्रण प्रणाली बनाउनु पर्नेछ ।<table>
<tr><td>गो भौ नं मित</td><td>विलम्ब शुल्क</td><td>कैफियत</td></tr>
<tr><td>१६।२०७८।६।२०</td><td>२२००।००</td><td>सवारीसाधनको विमा नवीकरण</td></tr>
<tr><td>६७।२०७८।७।२५</td><td>५९३६।००</td><td>नेपाल विध्युत प्राधिकरणलाइ विध्युत महशुल भुक्तानी गर्दा</td></tr>
<tr><td>१६१।२०७८।९।२१</td><td>७७५४।००</td><td>नेपाल विध्युत प्राधिकरणलाइ विध्युत महशुल भुक्तानी गर्दा</td></tr>
<tr><td>२४६।२०७८।१०।२६</td><td>३७७८।००</td><td>नेपाल विध्युत प्राधिकरणलाइ विध्युत महशुल भुक्तानी गर्दा</td></tr>
<tr><td>६२०।२०७९।३।२४</td><td>६०१७।००</td><td>नेपाल विध्युत प्राधिकरणलाइ विध्युत महशुल भुक्तानी गर्दा</td></tr>
</table></td><td></td></tr>
<tr><td>७८</td><td>३०८</td><td>२०७८-</td><td>आयकर कट्टी नगरेको</td><td>१९,५००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td>११-१५</td><td>गो भौ नं ३०८।२०७८।११।१५ कम्प्यूटर अपरेटर गोविन्द सिंह धामीको गत आ व को पेश्की फछ्र्यौट गर्दा मालिकार्जुन गाँउपालिकाको जग्गा निर्धारण सम्बन्धि गरिएका निर्णयका विरुद्ध उच्च अदालत दार्चुला र उच्च अदालत दिपायलमा परेको मुद्दाका लागि कार्यालयको तर्फ बाट २ कानुन व्यवसायी नियुक्त गरेको देखियो। सो कानून व्यवसायीहरुले गरेको कामको पुष्टी हुने कुनै प्रमाण नरहेको हुंदा भुक्तानी गर्ने आधार देखिएन ।निजहरुलाइ भुक्तानी गरेको पारीश्रमीकमा नियमानुसारको आयकर कट्टी नगरेको हुदा कर दाखीला गर्नु पर्ने रु</td><td></td></tr>
<tr><td>७९</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षणको बेरुजू<br><br>आन्तरिक लेखापरीक्षणको बेरुजू: प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली,2076 को नियम 96 (3) अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असूल उपर गर्नुपर्नेमा असूल उपर गरी बेरुजु लगत कट्टा गरी फछ्र्यौट गरिसक्नुपर्ने व्यबस्था भएता पनि देहायबमोजिमका व्यहोराहरु फछ्र्यौट गरेको प्रमाण पेश नभएकोले बेरुजु कायम गरिएको छ ।
<table>
<tr><td>सि.नं.</td><td>समानिकरण चालुतर्फ</td><td>रकम</td></tr>
<tr><td>१</td><td>४०,२०७८।०७।२२ केशर सिंह खत्रीको विविध खर्च भुक्तानीमा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार बिस हजार माथि भ्याट बिलमा कारोवार गर्नुपर्नेमा रु ७०९४५ को भरपाईको माध्यमबाट भुक्तानी भएको र अग्रिम आय कर रु कट्टी नभएकोले उक्त रकम रु १०६४ असुली दाखिला गर्नुपर्ने</td><td>1064.</td></tr>
<tr><td>२</td><td>४५,२०७८।०७।२२ गा.पा. उपाध्यक्ष पुष्पा अवस्थीको पारिश्रमिक पदाधिकारीको साउन,भाद्र र असोज महिनाको सम्मको अथिती सत्कार रकम रु ४५००० सुदुरपश्चिम प्रदेश सभा बाट स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयक अनुसार मासिक रु ९००० को दरले भुक्तानी पहिलेनै लिइसकेकोले दोहोरो भुक्तानी भएको उक्त रकम सम्बन्धीत पदाधिकारीलाई जिम्मेवार गराइ असुली दाखिला गर्नुपर्ने रकम रु</td><td>४५०००</td></tr>
<tr><td>३</td><td>49,२०७८।०७।२२ ईश्वर पन्त उद्धार तथा पुनर्स्थापन खर्च भुक्तानी गर्दा कार्यपालिकाको निर्णयनुसार थप पारिश्रमिक दिंदा पारिश्रमिक कर कट्टी रु १७३१० कट्टी नभएकोले उक्त रकम असुली दाखिला गर्नुपर्ने र भत्ता बुझाएको भरपाई पेश गर्नुपर्ने रकम रु</td><td>१७३१०</td></tr>
<tr><td>४</td><td>५२,२०७८।०७।२२ टिभी टुडे नेटवर्क प्रा.ली को पत्रपत्रिक छपाई तथा सूचना प्रकाशन खर्च अन्तर्गत गा.पा. को डुकोमेन्ट्री निर्माण गर्दा तुलनात्मक तालिका, कार्यदिश र दाखिला प्रतिवेदन बिनाको भुक्तानी रकम रु</td><td>४९९५००</td></tr>
</table></td><td>१,८४०,६५९</td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ५ | ५८,२०७८।०७।२३ अनिल सिंह धामीले विविध खर्च शिर्षकबाट लिएको अध्यक्षका लागि अतिथि सत्कार तथा आवास खर्च रकम स्थानीय पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन,२०७५ लाई संशोधन गर्नु बनेको बिधेयक बिपरित दोहोरो सुबिधा ल्याएको रकम असुली दाखिला गर्नुपर्ने रकम रु | ६०००० | |
| | | | ६ | ५९,२०७८।०७।२३।नरेन्द्र सिहं धामीको भ्रमण खर्च रकम भुक्तानी गर्दा बिल अनुसार १२६३४० भुक्तानी हुनुपर्नेमा रु १३०६४० भुक्तानी भएकोले बढी भएको रकम रु ४३०० असुली दाखिला गर्नुपर्ने रु | ४३०० | |
| | | | ७ | ६२,२०७८।०७।२३ ईश्वर पन्तको दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा भ्रमण खर्च नियमावली २०६४ अनुसार तोकिएका जिल्लाहरुमा थप १०% दैनिक भत्ता पाउने व्यवस्था रहेकोमा निजलाई १५ दिनको थप २०% को दरले रु१९२० प्रति दिनको हिसाबले भुक्तानी गरेको पाईयो।निजको रु १६०० मा थप १० प्रतिशत जोडदा रु१६० सहित रु १७६० हुनुपर्नेमा रु १९२० भएकोले बढी भएको रकम रु१६० ले १५.५ दिनको रु २४८० असुली दाखिला गर्नुपर्ने रकम रु | २४८० | |
| | | | ८ | ६६,२०७८।०७।२५ श्री लटिनाथ कैलपाल सत संघ समिति चौडको विविध खर्च भुक्तानी गर्दा रु २५०००।को बिलहरुमा कट्टी गर्नुपर्न अग्रिम आय कर १.५% हुन आउने रकम रु ३७९ असुली दाखिला गर्नुपर्ने | ३७९ | |
| | | | ९ | ८३,२०७८।०८।०३ सिद्ध राज पन्तको सवारी साधन तथा मेशिनर औजार भाडा भुक्तानी गत आ.व को दायित्व सिर्जना भएको म.ले.प.फा.नं. २२१ प्रमाणित र सवारी लगबुक वेगारको भुक्तानी रकम रु | २६३००० | |
| | | | १० | ९८,२०७८।०८।१९ संविधान दिवसमा लागेको खर्च भुक्तानी बिल भरपाई बेगारको भुक्तानी रकम असुली दाखिला गर्नुपर्ने रु | ९०२२६ | |
| | | | ११ | ११३,२०७८।०८।२८ कृष्ण राज जोशीले संचार महशुल अन्तर्गत गा.पा अध्यक्ष नरेन्द्र सिंह धामीलाई इसेवा मार्फत भुक्तानी गरेको रकम रु २०७०० सुदुरपश्चिम प्रदेश सभा बाट स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयक अनुसार मासिक रु ६००० को दरले भुक्तानी लिइसकेकोले दोहोरो भुक्तानी भएकोले उक्त रकम सम्बन्धीत पदाधिकारीलाई जिम्मेवार गराइ असुली दाखिला गर्नुपर्ने रकम रु | २०६०० | |

| | | |
|---|---|---|
| १२ | १३३,२०७८।०९।०१ ईश्वर पन्तको दैनिक भ्रमण भत्ता खर्च भुक्तानी गर्दा भुक्तानी गर्दा भ्रमण खर्च नियमावलीको २०६४ को अनुसूची ४ मा तोकिएका जिल्लाहरुमा दैनिक भत्ताको १० प्रतिशत थप पाउने व्यवस्था भएकोमा निजले २० प्रतिशत थप खर्च लेखेकोले बढी भएको १० प्रतिशतले हुन आउने रकम रु २२८० असुली दाखिला गर्नुपर्ने रु | २२८० |
| १३ | १४०,२०७८।०९।०६ नरेन्द्र सिंह धामीको भ्रमण खर्च भुक्तानी भ्रमण स्वीकृत विना,भ्रमण आदेश बिनाको र मेख राज जोशीलाई गाडी भाडा रकम रु ९०००० रकम बुझाएको भरपाई पेश गर्नुपर्ने अन्यथा असुली गर्नुपर्ने र बाहाल कर रु ९००० कट्टी गर्नुपर्नेमा रु ४३०० मात्र कट्टी भएकोले बढी भुक्तानी भएको रकम रु ४७०० असुली दाखिला गर्नुपर्ने | ९०००० |
| १४ | १६२,२०७८।०९।२१ गुण राज ओझाको दैनिक भ्रमण खर्च रकम भुक्तानी गर्दा बिल अनुसार रु २१०७८ हुनुपर्नेमा रु ३३०७० भएकोले बढी भएको रकम रु ११९९२ असुली दाखिला गर्नुपर्ने रु | ११९९२ |
| १५ | १६३,२०७८।०९।२१ प्रेम सिंह खत्रीको भ्रमण खर्च भुक्तानीमा स्थानीय भत्ता रु १५४२ कट्टी नभएकोले उक्त रकम असुली दाखिला गर्नुपर्ने रु | १५४२ |
| १६ | १७७,२०७८।०९।२९ निराजन ट्रेडर्स एण्ड सप्लायर्स लाई रकम भुक्तानीको कुनै प्रमाण नभएकोले बिल भर्पाई र खर्च पुष्टि हुने प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुली दाखिला गर्नुपर्ने रु | ३९४०० |
| १७ | १९०,२०७८।१०।०६ गोबिन्द सिंह धामीको स्टेन्ड फेन २ थान र लकेज (झोला) १ थान दाखिला प्रतिवेदन बिना भएको भुक्तनी असुली दाखिला गर्नुपर्ने रकम रु | २४५०० |
| १८ | १९०,२०७८।१०।०६ अनिल सिंह धामीको पदाधिकारीको पारिश्रमिक शिर्षकबाट गा.पा अध्यक्ष नरेन्द्र सिंह धामीको अथिती संस्कार बापत कार्तिक,मंसिर र षौष महिना सम्मको रकम रु ४५००० सुदुरपश्चिम प्रदेश सभा बाट स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयक अनुसार मासिक रु १०००० को दरले भुक्तानी पहिलेनै लिइसकेकोले दोहोरो भुक्तानी भएकोले उक्त रकम सम्बन्धीत पदाधिकारीलाई जिम्मेवार गराइ असुली दाखिला गर्नुपर्ने रकम रु | ४५००० |

| | | |
|---|---|---|
| १९ | १९०,२०७८।१०।०६ अनिल सिंह धामीको पदाधिकारिको पारिश्रमिक शिर्षक बाट खरिद भएको लेपटपको दाखिला बिना भएको भुक्तानी निजबाट असुली दाखिला गर्नुपर्ने रकम रु | ८८४५० |
| २० | १९६,२०७८।१०।०७ गा.पा. उपाध्यक्ष पुष्पा अवस्थीको पारिश्रमिक पदाधिकारीको कार्तिक,मंसिर र षौष महिनाको सम्मको अथिती सत्कार रकम रु ४५००० सुदुरपश्चिम प्रदेश सभा बाट स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयक अनुसार मासिक रु ९००० को दरले भुक्तानी पहिलेनै लिइसकेकोले दोहोरो भुक्तानी भएको उक्त रकम सम्बन्धीत पदाधिकारीलाई जिम्मेवार गराइ असुली दाखिला गर्नुपर्ने रकम रु | ४५००० |
| २१ | १९८,२०७८।१०।०७ पुष्प राज जोशीको घर भाडा रकम रु १७६०० अध्यक्ष निवास प्रयोजनका लागि भुक्तानी भएको रकम सुदुरपश्चिम प्रदेश सभा बाट स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयक बिपरितको उक्त रकम सम्बन्धीत पदाधिकारीलाई जिम्मेवार गराइ असुली दाखिला गर्नुपर्ने रकम रु | १७६०० |
| २२ | १९९,२०७८।१०।०७ किसन सिंह धामीको सवारी साधन भाडाको गत आ.व को दायित्व सिर्जना म.ले.प.फा.नं. २२१ प्रमाणित बिना गरिएको भुक्तानी नियमित नदेखिएको रकम रु | १४५००० |
| २३ | २४४,२०७८।१०।२५ कैलास कन्स्ट्रक्सको मसलन्द तथा कार्यालय सामग्री खर्च भुक्तानीमा अर्डर सिलिप अनुसार १२ छाप को ५०० को दरले ६००० हुनुपर्नेमा ५० छाप को बिल पेश भएकोमा बाकी कस्को छाप हो यकिन नभएको र पेन बिलमा १३ प्रतिशत भ्याट कट्टि गरेको रकम रु ३२५० गरि जम्मा रु २२२५० असुली दाखिला गर्नुपर्ने रु | २२२५० |
| २४ | २९८,२०७८।११।१२ महेश राज पन्तको संचार महसूल खर्च विल भरपाई बिना भुक्तानी भएको रकम रु ४५९९ असुली दाखिला गर्नुपर्ने रु | ४५९९ |
| २५ | ३५९,२०७८।१२।२२ केशर सिह खत्री विविध खर्च विल अनुसार रु २९४०० हुनुपर्नेमा रु ५४००० भुक्तानी भएकोले बढी भएको रकम असुली दाखिला गर्नुपर्ने रु | २४६०० |
| २६ | ३८८,२०७८।१२।३० दिपेन्द्र सिंह धामी र अशोक सिंह धामीको उद्धार राहत तथा पुनस्थार्पन खर्च रकम क्रमश रु १०००० र ७००० को बिल भरपाई पेश गर्नुपर्ने अन्यथा असुली दाखिला गर्नुपर्ने रकम रु | १७००० |

| | | |
|---|---|---|
| २७ | ४०५,२०७९।०१।१९ छिडि सिचाई टंकी निर्माण उ.स (अम्वा दत्त पन्त अध्यक्ष र जयराम महरा कोषध्यक्ष ) को अध्यक्ष स्वरोजगार कार्यक्रम खर्च भुक्तानी गर्दा ठेक्का बिल अनुसार रु ९७०११.५९ भुक्तानी हुनुपर्नेमा रु ९९५५३ भुक्तानी भएकोले बढी भएको रकम रु २५४२ असुली दाखिला गर्नुपर्ने रु | २५४२ |
| २८ | ४१३,२०७९।०१।२१ ललित साउदको विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च कुनै बिल भरपाई लगायतका प्रमाण नभएकोले प्रमाण पेश गर्नुपर्ने रु ८८००० अन्यथा उक्त रकम असुली दाखिला गर्नुपर्ने रु | ८८००० |
| २९ | ४१४,२०७९।२१ सारथी कम्युनिकेशन नेटवर्क प्रालीलाई रकम भुक्तानीको सक्कल बिल भरपाई लगायतका प्रमाण नभएकोले प्रमाण पेश गर्नुपर्ने रु ६३२२३ अन्यथा उक्त रकम असुली दाखिला गर्नुपर्ने रु | ६३२२३ |
| ३० | ४२०,२०७९।०१।२१ विभिन्न कर्मचारीहरुको रकम भुक्तानी अन्तर्गत गोबिन्द सिंह धामीको स्थानीय भत्ता र अन्तिम दिनको ०.७५ को दरले बढी भुक्तानी भएको रकम रु ५०६४ असुली दाखिला गर्नुपर्ने रु | ५०६४ |
| ३१ | ४७८,२०७९।०३।०८ अनिल सिंह धामीको पदाधिकारीको पारिश्रमिक शिर्षकबाट गा.पा अध्यक्ष नरेन्द्र सिंह धामीको अथिती संस्कार बापत माघ,फागुन र चैत्र महिना सम्मको रकम रु ४५००० सुदुरपश्चिम प्रदेश सभा बाट स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयक अनुसार मासिक रु १०००० को दरले भुक्तानी पहिलेनै लिइसकेकोले दोहोरो भुक्तानी भएकोले उक्त रकम सम्बन्धीत पदाधिकारीलाई जिम्मेवार गराइ असुली दाखिला गर्नुपर्ने रकम रु | ४५००० |
| ३२ | ४८९,२०७९।०३।१३ कम्प्युटर अपरेटर गोबिन्द सिंह धामीको पेश्की फर्छ्यौट गर्दा अग्रिम आय कार कट्टी गर्नुपर्ने रकम रु १२८७ र वाहाल कर रु १७५०० कट्टी नभएकोले असुली दाखिला गर्नुपर्ने रकम रु | १८७८७ |
| ३३ | ५४४,२०७९।०३।१९ डुङरी पाइप खरिद रकम उ.स (नारायण सिंह चौसिर उ.स अध्यक्ष) उपभवक्ता समिति गठनका लागि बसेको वडा भेला र उ.स गठन प्रकृया नभएको र प्रबिधिकको ठेक्का बिल अनुसार रु ३८२९१.६४ भुक्तानी हुनुपर्नेमा रु ४९५०० भुक्तानी भएकोले उक्त रकम असुली दाखिला गर्नुपर्ने रकम रु | ११२०८ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३४</td><td>५५५,२०७९।०३।२० राम सिहं खत्री र पुस्कर सिंह बिष्ट को दैनिक भ्रमण खर्च भुक्तानी गर्दा बर्डिङ पास र बिल राख्नुपर्ने रकम रु 16000 अन्यथा असुली दाखिला गर्नुपर्ने रकम रु</td><td>१६०००</td></tr>
<tr><td>३५</td><td>५५८,२०७९।०३।२० विसराम ओड अध्यक्ष रहेको शैपाल मन्दिर निर्माण उ.स को अध्यक्ष स्वरोजगार कार्यक्रम खर्च भुक्तानी गर्दा प्रविधिकको ठेक्का बिल अनुसार रु २४०८१९.२७ भुक्तानी हुनुपर्नेमा रु २४७७६५ भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम रु ७७६३ असुली दाखिला गर्नुपर्ने रकम रु</td><td>७७६३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८०</td><td></td><td></td><td>अनुदान :<br><br>अनुदान: स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा अनुदान रकम नाफामुलक संस्था तथा व्यक्तिगत फर्मलाई अनुदान दिनु नहुने व्यवस्था छ । पालिकाले गो भौ न १७२।०७८।१२।२१ बाट व्यक्तिगत फर्म भगवती ओखर फलफुल तथा नगदेबाली कृषि फर्मलाई रु २०००००। अनुदान दिएको छ । वित्तीय समानिकरण अनुदानबाट नाफामुलक संस्था तथा व्यक्तीगत फर्मलाई अनुदान दिएको रकम अनियमित देखिएको रु</td><td>२००,०००</td></tr>
<tr><td>८१</td><td></td><td></td><td>अनुगमन सम्परीक्षण<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<br><br>रु हजारमा
<table>
<tr><th>गत वर्षसम्मको बेरुजू<br>(A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू<br>(B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू<br>(C=A-B)</th></tr>
<tr><td>२३४४५६</td><td>०</td><td>२३४४५६</td></tr>
</table>
यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।</td><td></td></tr>
</table>